# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १७३ | काठमाडौं | आइतबार, ०२ कात्तिक २०८२ | Prabhab National Daily | Sunday, 19 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**दीपावली सतर्कतापूर्वक मनाऔं**

दीपावलीको समयमाः
मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ, त्यसबाट बच्नः
❑ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं, ❑ बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं, ❑ पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं, ❑ मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं, ❑ धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं, ❑ एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौ, ❑ पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं ।
आगजनीबाट बचौं र बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


## निजी आवास पुनर्निर्माणका लागि २२ अर्ब २४ करोड आवश्यक

- ८२ हजार ८०० घर निर्माण तथा पुनर्स्थापनाको लागत अनुमान
- भूकम्पबाट क्षतिग्रस्तलाई सबैभन्दा बढी २० अर्ब ८८ करोड रूपैयाँ आवश्यक पर्ने
- मनसुनबाट क्षतिग्रस्तलाई एक अर्ब तीन करोड रूपैयाँ, प्राविधिक सहयोगका लागि २८ करोड रूपैयाँ र जनशक्ति एकाइका लागि पाँच करोड रूपैयाँ आवश्यक पर्ने आकलन
- संकटग्रस्त क्षेत्र घोषणा भएका इलामका सूर्योदय नगरपालिका, देउमाई नगरपालिका, इलाम नगरपालिका, माङ्सेबुङ गाउँपालिका र माईजोगमाई गाउँपालिकालाईअतिप्रभावित क्षेत्रका रूपमा सिफारिस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विपद्बाट प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि २२ अर्ब २४ करोड रूपैयाँ आवश्यकता पर्ने आकलन सार्वजनिक भएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको शुक्रबार बसेको बैठकले उक्त आकलन गरेको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख इञ्जिनियर दिनेशप्रसाद भट्टराईले ८२ हजार ८०० घर निर्माण तथा पुनर्स्थापनाको लागत अनुमान गरिएको बैठकमा जानकारी दिए । सोही बैठकमा विपद् व्यवस्थापन कोषको रकम परिचालन गरी विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भएको थियो ।

भूकम्पबाट क्षतिग्रस्तलाई २० अर्ब ८८ करोड रूपैयाँ, मनसुनबाट क्षतिग्रस्तलाई एक अर्ब तीन करोड रूपैयाँ, प्राविधिक सहयोगका लागि २८ करोड रूपैयाँ र जनशक्ति एकाइका लागि पाँच करोड रूपैयाँ आवश्यक पर्ने बैठकमा औंल्याइएको छ । पुनर्निर्माणको वित्त व्यवस्थापन तथा निजी आवास पुनर्निर्माणका लागि प्राप्त रकममध्येबाट विपद् व्यवस्थापन कोषमा आर्थिक वर्ष २०८१/८२ मा आम्दानी बाँधिएको दुई अर्ब ८७ करोड ६४ लाख १४ हजार रूपैयाँ रहेको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले जानकारी दिए । उनका अनुसार सो रकम १० हजार ५०० परिवारका लागि छुट्याइएको छ ।

यसैबीच, अर्थ मन्त्रालयले १८ हजार ५०० परिवारका लागि पाँच अर्ब रूपैयाँ उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । प्राधिकरणका अनुसार ५३ हजार ८०० घरका लागि १४ अर्ब ३४ करोड रूपैयाँ आवश्यक पर्दछ ।

समितिको बैठकले आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ पारित गरेको छ । यस्तै, विपद् जोखिम हस्तान्तरणका लागि विपद् बिमासम्बन्धी छलफल भएको थियो । बैठकले विपद् बिमासम्बन्धी सम्भाव्यता अध्ययन गरी प्रतिवदेन पेस गर्न प्राधिकरणका सहसचिवको संयोजकत्वमा छ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ ।

संकटग्रस्त क्षेत्र घोषणा भएका इलामका सूर्योदय नगरपालिका, देउमाई नगरपालिका, इलाम नगरपालिका, माङ्सेबुङ गाउँपालिका र माईजोगमाई गाउँपालिकालाई अतिप्रभावित क्षेत्र, फाकफोकथुम गाउँपालिका,...


क्रमशः पृष्ठ २ मा


## चुनाव गराउन राष्ट्रपति सक्रिय

राष्ट्रपतिज्यूले छलफलको क्रममा आमजनता र राजनीतिक दलहरूलाई विश्वासमा लिएर सरकारले चुनावी वातावरण सिर्जना गरोस् र सुरक्षा निकायहरु 'बोल्ड' रूपमा प्रस्तुत होस् भनेर निर्देशन दिनुभयो ।

**किरण पोखरेल**
राष्ट्रपतिका प्रेस सल्लाहकार

चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ र राजनीतिक दलहरूसँग संवादको सुरूआत भएको छ ।

**सुशीला कार्की**
प्रधानमन्त्री




**राष्ट्रपति निवासमा शनिबार प्रधानमन्त्रीसहित सरकारका मन्त्रीहरू र सुरक्षा निकायका प्रमुखहरूसँग आगामी निर्वाचनबारे छलफल गर्दै राष्ट्रपति रामचन्द्र पौडेल ।** *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा भएको महिना दिन बित्दासम्म चुनावी सरकारकै प्रधानमन्त्री सुशीला कार्कीले चुनावबारे राजनीतिक दलहरूसँग संवाद गर्न अग्रसरता लिएकी छैनन् । कार्की सरकार र दलहरूबीच पूरै संवादहीनताको स्थिति छ ।

चुनाव गर्नुपर्ने म्याण्डेट पाएको सरकारकी प्रधानमन्त्री कार्कीले दलहरूसँग संवाद गरेर चुनावी वातावरण बनाउन पहलकदमी नलिँदा आगामी २१ फागुनमा चुनाव हुनेमा शंका उब्जिएको छ । नेकपा एमालेले त चुनावी प्रक्रियामा सहभागी नहुने घोषणा नै गरेको छ । प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा उभिने सचिवालय एमाले बैठकले निर्णय गरिसकेको छ । उक्त दलका अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले कार्की सरकारले चुनाव गर्नै नसक्ने र नचाहेको पनि बताइसकेका छन् । यदि चुनाव गर्ने भए दलहरूसँग संवाद गर्नुपर्ने बताएका छन् ।

यस्तोमा शनिबार राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री कार्की र मन्त्रीहरूलाई शीतलनिवास बोलाएर दलहरू र

- प्रधानमन्त्री सुशीला कार्की दलहरूसँग संवादहीन
- दलहरूलाई विश्वासमा लिएर चुनावमा लान प्रधानमन्त्रीले पहल नगर्दा २१ फागुनमा चुनाव नहुने संशय
- दलहरु र जनतालाई विश्वासमा लिएर चुनाव गर्न प्रधानमन्त्रीलाई निर्देशन

जनतालाई विश्वासमा लिँदै चुनाव

सम्पन्न गर्नेतर्फ उन्मुख हुन निर्देशन दिएका छन् । चारवटै सुरक्षा निकायका प्रमुखहरूलाई पनि चुनावी सुरक्षाका लागि 'बोल्डली' प्रस्तुत हुन निर्देशन दिएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

'राष्ट्रपतिज्यूले छलफलको क्रममा आमजनता र राजनीतिक दलहरूलाई विश्वासमा लिएर सरकारले चुनावी वातावरण सिर्जना गरोस् र सुरक्षा निकायहरू बोल्डली प्रस्तुत होस् भनेर निर्देशन दिनुभयो,' उनले प्रभावसँग भने ।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

## तिहारमा परदेशीको पीडाः मोबाइल हेरेर चित्त बुझाउनुपर्छ


■ **ममता थापा**

**काठमाडौं–** मोरङको विराटनगरका प्रल्हाद खड्का करिब १५ वर्षदेखि कतारको निर्माण क्षेत्रमा श्रमिकका रूपमा कार्यरत छन् । ३७ वर्षीय खड्काले विदेसिएपछि एक पटक पनि स्वदेशमा तिहार मनाउन नपाएको बताए । यसपटकको तिहार पनि दिदीबहिनीको साथमा मनाउन नपाइने भएपछि खल्लो लागेको उनी बताउँछन् ।

'मेरो एक जना बहिनी र एक जना दिदी हुनुहुन्छ । पछिल्लो चोटि सन् २०२३ मा छुट्टी पाएको थिएँ तर दसैंमात्र मनाएर फर्किनुपर्‍यो,' उनले प्रभावसँगको कुराकानीमा भने, 'दिदीबहिनीसँग तिहार नमनाएको त कति भयो कति, यता आएदेखि मनाउन पाएको छैन । नराम्रो लाग्छ नि । जहिले पनि भाइटीकामा भिडियो कल गरेर टीका लगाइदिएजस्तो गर्नुहुन्छ । मन नै भारी भएर आउँछ ।'

कैलाली अत्तरियाका सन्तोष विष्ट पनि चार वर्षदेखि खड्कासँगै काम गर्दै आएका छन् । ३१ वर्षीय विष्ट परदेशीलाई चाडबाड नआउने बताउँछन् । 'चाडबाड भनेको र परिवारसँगै भए पो रमाइलो हुन्छ । यहाँ त कामको मात्र ध्यान हो,' विष्टले भने, 'फोनमा बोल्यो । उता घरमा कसरी मनाउँदै छन् भनेर भिडियो कल गरेर हेर्‍यो, पुगेन भने पैसा पठाइदियो त्यही हो ।' अत्तरियामा आफूहरूले खेल्ने गरेको देउसी र देउडाको धेरै सम्झना आउने उनले बताए । अरुको भाइटीकाका तस्बिरहरू देख्दा छिट्टै सँगै तिहार मनाउन आउने भनेर बहिनीलाई भन्ने गरेको विष्टले सुनाए ।


क्रमशः पृष्ठ २ मा

**एआईबाट तयार पारिएको प्रतीकात्मक तस्बिर ।**

हामी चार जना दिदीबहिनीपछि दुई जना भाइहरु छन् । चाडबाडको समयमा सबै जना एकै ठाउँ हुँदा घरै भरिभराउ हुन्थ्यो । भाइहरूलाई कुन-कुन फूलको माला राम्रो हुन्छ भनेर खोज्न जान्थ्यौं । माला उन्थ्यौं । सबै कुरा एकदम मिस भइरहेको छ ।

**कमला अधिकारी**
खोटाङ (हाल जापान)

दिदीबहिनीसँग तिहार नमनाएको त कति भयो कति, यता आएदेखि मनाउन पाएको छैन । नराम्रो लाग्छ नि । जहिले पनि भाइटीकामा भिडियो कल गरेर टीका लगाइदिएजस्तो गर्नुहुन्छ । मन नै भारी भएर आउँछ ।

**प्रल्हाद खड्का**
मोरङ (हाल कतार)

## समुद्रपारि दाजुभाइ आँगनभरि ढकमक मखमली

■ **मधु शाही**

**काठमाडौं–** आँगनभरि ढकमक्क मखमली । टपक्क टिपेर माला उनेर दाजुको गलामा पहिराउने चाहना । तर, जुन फूल जसको गलामा हुनुपर्ने हो, ऊ समुद्रपारि छ । बौद्ध जोरपाटीकी सुमना बेल्वासेलाई जब तिहार आउँछ, समुद्रपारि पुगेका दाजुको सम्झना आँखाभरि छल्किन थाल्छ । उनी भन्छिन्, 'दाइ हुँदा हुन त यी सबै मखमली टिपेर गलाभरी पहिरीदिन्थे ।'

'सम्बन्ध जति टाढा उति गाढा,' भनेजस्तै बेल्वासेले दाजु विदेसिएपछि तिहारको महत्त्व झनै मनन गरिन् । कोरियामा चार वर्षदेखि रोजगारी गर्न पुगेका दाजुले नै घर खर्च धानेका छन् । आर्थिक स्रोतको मुख्य भूमिका निर्वाह गरेका दाइको दायित्वप्रति उनी सधैं हार्दिक भाव राख्छिन् । यद्यपि, पर्वको बेला भने परिवारको सदस्य नहुँदा मन अनिलो हुने गरेको उनले सुनाइन् । विगतमा देउसी र भैलो खेलेर रमाइलो गरेर सँगालेको क्षण सम्झँदै बेल्वासेले भनिन्, 'दाइ अर्को वर्ष त आउँछ रे ।'

विदेसिएका भाइको सम्झनामा तीन वर्षदेखि एक्लै तिहार मनाएकी ललितपुर डल्लुकी प्रिन्सा बस्नेतले भिडियो कलबाटै तिहार मनाउँछिन् । डिजिटल माध्यम नभएको भए त झनै गाह्रो हुन्थ्यो । भिडियोमा मज्जाले गफिएर पर्वको अभाव गर्ने अवसरलाई उनले सकारात्मक लिएकी छन् । तर, उनलाई विदेसिएको भाइ आँखै अगाडि देख्न पाए रमाइलो गर्ने थियौं भन्ने लाग्छ ।

हुन त बेल्वासेका आफन्ती दाजुभाइहरू छन् । जो साथमा छैन उसैको चासो बढी हुनेरहेछ । उनी विदेसिएका दाइको निधारमा टीका लगाएर बहिनी र दाजुबीचको आत्मीयता साट्ने क्षणको प्रतीक्षामा छिन् । विगत तीन वर्षदेखि भिडियो कलमा तिहारको बेला मौखिक शुभकामना दिएर तिहार मनाउने गरेको उनले बताइन् ।

उनीजस्तै परदेशी भाइलाई सधैं तिहारमा सम्झिन बाध्य छिन्, भक्तपुरकी रोमा भट्टराई । भट्टराईका दुई दाजुभाइ छन् । कान्छो भाइ रोजगारीको सिलसिलामा कतार छन् । घरमै भएका दाजुको निधारमा सप्तरंगी टीका लगाउँदा भाइकोसमेत ख्याल नआउने कुरै भएन ।


क्रमशः पृष्ठ २ मा







समाजशास्त्री डा. मीना पौडेलका अनुसार वैदेशिक रोजगारले जसरी समाजमा रेमिट्यान्स भित्र्याएर योगदान दिएको छ, यसले सामाजिक सद्भाव र पर्वको महत्त्वमा थप उचाइ थपेको छ । विदेशमा भएका र स्वदेशमा भएका दुवैले आत्मीय सम्बन्ध बोध गराउने समाजशास्त्री पौडेलको धारणा छ ।




पृष्ठ १ बाट क्रमशः

## चुनाव गराउन...

राष्ट्रपतिसँगको छलफलपछि प्रधानमन्त्री कार्कीले आगामी फागुन २१ गते निर्धारण गरिएको प्रतिनिधिसभा चुनाव सम्पन्न गर्ने तयारी सन्तोषजनक रूपमा अघि बढिरहेको बताएकी छन् । त्यसका लागि सबै पक्ष जिम्मेवार रहनुपर्ने उनले बताइन् । उनले शनिबार साँझ सामाजिक सञ्जाल एक्समा लेखेकी छन्, 'तयारी अझै द्रुततर गतिमा अघि बढाइँदै छ । सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौं ।'

भन्न त उनले राजनीतिक तहबाटै चुनावको वातावरण बनाउन पहल सुरु भइसकेको बताएकी छन् । दलहरूसँग संवादको सुरुआत भएकोसमेत उनले दाबी गरेकी छन् । 'चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ र राजनीतिक दलहरूसँग संवादको सुरुआत भएको छ,' उनले लेखेकी छन् ।

प्रधानमन्त्री कार्कीले भने जसरी दलहरूसँग संवादको प्रयास भने भएको छैन । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत दलका शीर्षस्थ नेतासँग उनी संवादहीन छिन् । उल्टै सम्पत्ति शुद्धीकरण विभागमार्फत ती दलका नेताहरूको सम्पत्ति छानबिन गराउँदै छिन् । यसबाट एमाले अध्यक्ष ओली सबैभन्दा बढी बिच्किएका छन् । जेन-जी आन्दोलनका कारण सत्ताच्युत भएपछि पहिलोपटक पार्टी केन्द्रीय कार्यालय च्यासलमा शनिबार पुगेर प्रधानमन्त्री कार्कीलाई चुनौती दिँदै भने, '२००७ सालपछिका सबै सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गरौं ।'

एकातिर ओली र उनको दल एमाले चुनावविरोधी कित्तामा उभिनु र कार्की सरकारप्रति नकारात्मक हुनुले चुनाव भाँडिन सक्ने संशय कतिपयबाट प्रकट हुँदै आएको छ । यसलाई लिएर राष्ट्रपति पौडेल असन्तुष्ट भएका छन् ।

राष्ट्रपतिसँगको छलफलमा सहभागी सुरक्षाविज्ञ गेजा शर्मा वाग्लेका अनुसार संविधानलाई ट्र्याकमा ल्याउन पनि चुनावको विकल्प नरहेको तर शुक्रबार एमाले अध्यक्ष ओलीको चुनावविरोधी अभिव्यक्तिप्रति राष्ट्रपतिले गम्भीर चासो राखेका थिए । ओलीले भनेका थिए, 'हामी आन्दोलनमा जान्छौं, नहुने चुनावमा कसरी भाग लिने ?'

दीपावलीको अवसरमा शनिबार पार्टी कार्यालय च्यासलमा आयोजित कार्यक्रममा पनि उनले २१ फागुनमा चुनाव नहुने बताए । कार्की सरकारलाई संविधान र कुनै कानुनले पनि नचिन्ने, त्यस्तै परे पक्लक्क सरकार ढल्ने दाबी गरे ।

चुनाव भाँड्नेगरी दिनहुँजसो ओलीको अभिव्यक्ति आइरहेका छन् । उनी प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा छन् । त्यसका लागि आन्दोलन गर्ने चेतावनी दिइसकेका छन् । राष्ट्रपति पौडेलले भने संविधान जोगाउन भए पनि चुनाव हुनुपर्ने र चुनावमा सबै दल सहभागी हुनुपर्नेमा जोड दिँदै आएका छन् ।

प्रतिनिधिसभा २७ भदौमा प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले विघटन गरेका हुन् । सोही दिन मध्यावधि चुनाव घोषणा भएको हो । चुनावी तयारीमा निर्वाचन आयोग जुटिरहेको छ । यता कार्की सरकार भने दलहरूलाई चुनावी प्रक्रियामा सामेल गर्नेबारे मौन छिन् । सोही कारण राष्ट्रपतिले चुनावका लागि सक्रियता बढाएका हुन् ।

■■■

## निजी आवास...

माई नगरपालिका र सन्दकपुर गाउँपालिकालाई मध्यम प्रभावित क्षेत्र तथा चुलाचुली र रोङ गाउँपालिकालाई प्रभावित क्षेत्रका रूपमा मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गरिएको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले बताए ।

बैठकमा विपद्बाट प्रभावित परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ संशोधन सम्बन्धमा छलफल भएको थियो । अस्थायी आवास अनुदान प्रक्रियामा लाभग्राहीलाई पहिलो किस्तामा २५ हजार रूपैयाँ र अन्तिम किस्तामा २५ हजार रूपैयाँ उपलब्ध गराउनुपर्ने छ । समयसीमा थप गर्ने सन्दर्भमा अस्थायी आवास निर्माण सम्झौतापछि घटना घटेको मितिले ९० दिनभित्र सम्पन्न गरिसक्नुपर्ने छ ।

कार्यकारी समितिको बैठकले ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका वडा नं ३ र ४ मा रहेका ओदक, एकबाँसे र ताम्राङ बस्तीका ६५ परिवारलाई सोही गाउँपालिकाको वडा नं ३ को साँघुमा स्थानान्तरण गर्ने निर्णय गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकमा विभिन्न नौवटा प्रस्तावित निर्णयमा छलफल भएको थियो । बैठकले प्रस्तावित निर्णय पारित गरेको छ ।

'यी निर्णयहरू कार्यान्वयन गर्नका लागि योग्य हुनुपर्छ भन्ने जिम्मेवारीपूर्वक हामीले छलफल गरेर पारित गरेका छौं । कार्यकारी समितिका यी निर्णयहरूको पूर्ण कार्यान्वयनका लागि सबैले पहल गर्नेछौं,' गृहमन्त्री अर्यालले भने, 'यसलाई कसरी अझ प्रभावकारी ढंगले सम्बोधन गर्ने भन्नेसम्बन्धमा आगामी दिनमा थप छलफल गर्नेछौं ।'

■■■

## तिहारमा परदेशीको....

'एउटी बहिनी छे । उसको हातबाट टीका लगाउन नपाएको धेरै भइसक्यो,' उनले प्रभावसँग भने, 'चाँडै फर्किन्छु त भनिदिन्छु तर के हुन्छ ठेगान छैन ।'

खड्का र विष्टजस्तै खोटाङको रूपाकोट मझुवागढीकी कमला अधिकारी पनि तिहारमा घर सम्झिरहेकी छन् । गत वर्ष जापान गएकी २७ वर्षीया कमला केयर वर्करका रूपमा कार्यरत छिन् । घरपरिवारबाट टाढा हुँदा चाडबाडको समयमा निकै गाह्रो भएको उनले सुनाइन् । नेपालमा तिहार भित्रिइसक्दा आफू भने आफ्ना भाइहरूलाई धेरै सम्झिन थालेको उनले बताइन् ।

'हामी चार जना दिदीबहिनीपछि दुई जना भाइहरू छन् । चाडबाडको समयमा सबै जना एकै ठाउँ हुँदा घरै भरिभराउ हुने,' उनले प्रभावसँग भनिन्, 'हामी दिदीबहिनी घर सफासुग्घर गरेर सजाउँथ्यौं । भाइहरूलाई कुन-कुन फूलको माला राम्रो हुन्छ भनेर खोज्न जान्थ्यौं । माला उन्थ्यौं । सबै कुरा एकदम मिस भइरहेको छ । घरबाट कल गरिरहनुभएको छ । फोनमा कुरा गर्न नि गाह्रो हुनेरहेछ । पहिलोपटक घरबाट टाढा भएर होला ।'

दिदीबहिनी र दाजुभाइबीचको सम्बन्ध अनि झिलिमिली बत्तीको पर्व तिहार प्रवासी नेपालीहरूका लागि भने सम्झनामै सीमित हुने गरेको छ । आफ्नो घरमा बलेको दियो र बत्तीको उज्यालो उनीहरूको मोबाइल र ल्यापटपको स्क्रिनसम्ममात्र आइपुग्छ । विशेष अर्थ बोकेको तिहारको देउसीभैलो र दाजुबहिनीको टीका सामाजिक सञ्जाल र मोबाइलका रेकर्डहरूमा हेरैरै चित्त बुझाउनपरेको उनीहरू बताउँछन् । कतिपयले भने 'भर्चुअल' माध्यमबाटै टीका लगाउने गरेका छन् ।

हाल ३५ लाखभन्दा बढी नेपाली रोजगारीका लागि विभिन्न मुलुकमा रहेको सरकारी तथ्यांक छ । विशेषगरी संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, मलेसिया, कतार, दक्षिण कोरियाजस्ता मुलुकमा लाखौं नेपाली श्रमिकहरू कार्यरत छन् । उनीहरूले पठाएको रेमिटान्सले मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको छ । तर सामाजिक तथा सांस्कृतिक पर्वहरूमा भने परिवारसँगै हुन नपाउँदा उनीहरूमा मनोवैज्ञानिक असरसमेत पर्ने गरेको बताइन्छ ।

■■■

## समुद्रपारि दाजुभाइ...

उनी प्रत्येक तिहारमा भाइलाई भिडियो कल गर्दै दाजुलाई तिहारमा टीका लगाएको दृश्य देखाउँछिन् । 'यस्तो बेला हाँसो र आँसु दुवै छल्किन्छ,' उनले भनिन्, 'विदेसिएको भाइ र यही भएको दाजु एकैसाथ भएर तिहार मनाउने कहिले होला ? त्यही समयको प्रतीक्षामा छु ।'

कोटेश्वर बस्ने गंगा कोइरालाले भने दुई वर्षअघि विदेसिएका दुई दाजुको महिमा टाढिएपछि झनै गाढा भएको बताइन् । रोजगारीका सिलसिलामा दुवै दाजु कतारमा छन् । उनीहरूले हरेक तिहारमा बहिनीको सम्झनामा तिहार दक्षिणा अथवा केही न केही उपहार पठाएकै हुन्छन् । कोइरालाले खाडी मुलुक पुगेका दुई दाजुप्रति माया भाव दर्शाउँदै भनिन्, 'उहाँहरू यहाँ भइदिएको भए देउसीभैलो खेल्न पाउने थियौं भन्ने लाग्छ ।'

वैदेशिक रोजगारको सामाजिक संरचना र मनोविज्ञानलाई समेत प्रभाव पारेको समाजशास्त्रीहरू बताउँछन् । समाजशास्त्री डा. मीना पौडेलका अनुसार वैदेशिक रोजगारले जसरी समाजमा रेमिटचान्स भित्र्याएर योगदान दिएको छ, यसले सामाजिक सद्भाव र पर्वको महत्त्वमा थप उचाइ थपेको छ । विदेशमा भएका र स्वदेशमा भएका दुवैले आत्मीय सम्बन्ध बोध गराउने समाजशास्त्री पौडेलको धारणा छ ।

उनी भन्छिन्, 'वैदेशिक रोजगारले सामाजिक मूल्यमान्यता र संस्कृति जर्गेनाको भूमिका पनि खेलेको छ ।' यसलाई उनले सामाजिक पुँजी भनेर सम्बोधन गर्न उपयुक्त हुने बताइन् । रेमिटचान्स भित्र्याएझैं, वैदेशिक रोजगारले सामाजिक मूल्य र मान्यताको पुँजीमा पनि इँटा थप्ने काम गरेको छ भन्ने उनको बुझाइ छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या आठ लाख ३३ हजार पुगेको छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष एक लाखले बढेको छ । आव २०८०/८१ को तथ्यांक हेर्ने हो भने सात लाख ३९ हजार ४९ पुरुष र ९३ हजार महिला वैदेशिक रोजगारमा गएको सरकारी तथ्यांक छ । *रासस*

# 'स्वच्छ खाना: उत्कृष्ट व्यापार' गर्न कामपाको आग्रह

■ प्रभाव संवाददाता




**काठमाडौं–** हिन्दूहरूको दोस्रो ठूलो वर्प तिहार नजिकिँदै गर्दा काठमाडौं महानगरपालिका (कामपा)ले बजार अनुगमनलाई तीव्र बनाउँदै उपभोक्तालाई स्वच्छ खाना उपलब्ध गराउन सम्बन्ध भएको सबैलाई आग्रह गरेको छ । महानगरभित्रका मिठाई व्यवसाय सञ्चालक तथा व्यवसायसँग सम्बन्धित श्रमिकप्रति लक्षित गर्दै कामपाले आग्रह गरेको हो ।

'स्वच्छ खाना: उत्कृष्ट व्यापार भन्ने मूल मन्त्रलाई आत्मसात् गर्नुस्,' कामपाको कृषि तथा पशुपन्छी विभागका प्रमुख नुरनिधि न्यौपानेले भने, 'तिहारमा अधिका प्रयोग गरिने मिठाईजन्य खाद्यवस्तुलाई सुरक्षित, स्वच्छ र उपभोक्तामैत्री बनाउन व्यवसायीहरूमा कानुनको पालना गर्दै स्वच्छ खाना उपलब्ध गारउनुपर्छ ।'

कामपाले प्राविधिक र स्वच्छता मिठाई व्यवसायसँग सम्बन्धित कानुनी प्रावधान, व्यवसाय सञ्चालनका क्रममा अपनाइने अभ्यास, खाद्य स्वच्छता कायम राख्ने तरिका, मिठाईमा प्रयोग गरिने रङ र सामग्री, बिक्री-वितरण र प्रशोधनस्थलको अवस्था, आवश्यक भौतिक संरचना, लेबलिङ प्रक्रिया परीक्षण आदिबारे विस्तृत प्रशिक्षणसमेत दिइसकेको छ ।

कामपाका खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले व्यवसाय सुधारका लागि सशक्तीकरण, अनुगमन र नियमनलाई विशेष प्राथमिकता दिएको छ । कामपाले मिठाई व्यवसायीहरूमा स्वच्छता र गुणस्तरप्रतिको चेतना बढाउने अपेक्षासमेत गरेको छ । आगामी दिनमा यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई नियमितरूपमा निरन्तरता दिने योजना बनाएको छ । अन्य समयमा कहिलेकाहीँ मात्रै बजार अनुगमन गर्ने कामपाले चाडपर्व लागेसँगै बजार अनुगमन नियमितरूपमा गरिरहेको छ ।

केही दिनअघि नयाँबानेश्वर क्षेत्रमा रहेका साना होटेल तथा रेस्टुराँ व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको पनि कामपाले जानकारी दिएको छ । प्रमुख न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमअनुसार आउन निर्देशन दिइएको र अटेर गरे कानुनबमोजिम कारबाही गर्ने चेतावनी दिएको छ ।

प्रमुख नुरनिधि न्यौपानेका अनुसार संक्रमण सानो लापरवाहीबाट पनि फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीकै हितमा पर्छ । 'महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौं, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैको फाइदाको कुरा हो,' उनले भने ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १७२ कात्तिक १ गते २०८२ मा प्रकाशित SAMPAANATA OVERSEAS PVT. LTD. को AVISHA SPA AND BEAUTY SALON FOR TRADING कम्पनीको Lot No. 332643 विज्ञापनमा अन्तर्वाता मिति २०८२ कात्तिक ८ गते (25th Oct. 2025) मा हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७३/०३/१७ मा दर्ता भएको प्रा.लि.नं. १३६६८७ को **गायत्री कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कुवेतमा रोजगार

कम्पनी : BRUSH SALON FOR LADIES BEAUTY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२० | LT. No. 331827 | चलानी नं. ६०२३९५८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 18 | 140 | ६४,७५० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MANICURE/PEDICURE | 0 | 7 | 160 | ७४,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक ९ गते (26th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ONE STOP HR SOLUTIONS PVT. LTD.
श्रम इजाजत नं. १५३०/०७७/७८
Pinglashthan-09, Gaushala, Kathmandu, Nepal, Cell: 9851341893/94
Tel: +977-01-5915892, Email: onestophrsolution080@gmail.com, Web: www.onestophrsolution.comnp

## युएईमा रोजगार

कम्पनी : TAMOUH EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 332554 | चलानी नं. ६०२४६३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 1000 | ३८,४६५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 25 | 0 | 1500 | ५७,६९७ | | | | | | | |
| 3 | Electrician. | 25 | 0 | 1500 | ५७,६९७ | | | | | | | |
| 4 | Steel Fixers | 25 | 0 | 1500 | ५७,६९७ | | | | | | | |

कम्पनी : A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/३१ | LT. No. 33255% | चलानी नं. ६०२४६३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 41 | 0 | 1000 | ३८,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कात्तिक ९ गते (26th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303


## धनगढी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**धनगढी, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**पहिलो पटक प्रकाशित मिति: २०८२/०७/०२**

**ठेक्का सूचना:- 23/DSMC/2082/083**

यस धनगढी उप-महानगरपालिकामा सिप तथा रोजगार मेला २०८२ संचालनका लागि आधारभूत संरचना सहित अस्थायी डोम निर्माण गरी ४० दिनसम्म भाडामा उपलब्ध गराउन ईच्छुक फर्म वा कम्पनीहरूले नवीकरण भएका सम्पूर्ण कागजातहरु (फर्मर कम्पनी दर्ता प्रमाणपत्र, मु. अ. क. दर्ता प्रमाणपत्र, आ. व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको प्रमाण) सहित तपसिलका शर्तहरुको अधिनमा रही अधिकतम रू. ४१,५७,०००/- (मु. अ. कर बाहेक) बाट घटाघट ठेक्का स्वीकार्नका लागि बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो ३० (तिस) दिने सूचना प्रकाशित गरिएको छ । यस कार्यको विस्तृत सूचना यस कार्यालयको वेबसाइट www.dhangadhimun.gov.np र विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Gramthan Rural Municipality

Office of Rural Municipal Executive
Tetariya, Morang
Koshi Province, Nepal

## Invitation for Bids

**Date of publication:2082/07/02**

1. ***GramthanRural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.

| S. N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | G.R/NCB/ WORKS/ 04-082-083 | Bange Dekhi Bhausabadi Jane Sadak Ma Sidewall raKalopatre | 3999828.79 | 3000 | 1,00,000 | |

**Chief Administrative Officer**

## Bagmati Province Government

**Ministry of Health**
**Health Directorate**

## Methinkot Hospital

**Bhakundebesi, Kavre**

## Invitation For Bid

**Procurement of Medicine**
**Procurement of Surgical Items**

**Contract Identification No: MH/G/NCB-1/2082/083**
**Contract Identification No: MH/G/NCB-2/2082/083**
**Date of publication: 2082/07/02 (2025/10/19)**

The Methinkot Hospital invites bid from eligible bidders for the **Procurement of Medicine and Procurement of Surgical Items as specified in Public Procurement Act and Regulations.** Eligible Bidders may obtain further information and inspect the bidding document at the office of **Methinkot Hospital, Bhakundebesi, Kavre,** PhoneNo:977-011404095,email address:methinkothospital@gmail.com or may visit PPMO egp system: **www.bolpatra.gov.np/egp**.

1. The bids must be submitted through e-GP system i.e. **www.bopatra.gov.np/egp** on or before **19-11-2025 12:00**. Bids received after this deadline will be rejected.
2. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **19-11-2025 14:00** at the office of Methinkot Hospital, Bhakundebeshi, Kavrepalanchwok, Bagmati Province Nepal.

**Medical Superintendent**
**Methinkot Hospital**



**तिहारको किनमेल** | प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने यमपञ्चक तथा तिहार पर्व नजिकिँदै गर्दा शनिबार काठमाडौंको इन्द्रचोकमा सामान किन्न लागेको सर्वसाधारणको भीड । *तस्बिरः रासस*

# देउसीभैली मर्यादित बनाउन प्रशासनको आग्रह, राति ९ बजेपछि खेल्न रोक

**काठमाडौं (प्रस)–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले दीपावलीको अवसरमा कानुनद्वारा बर्जित गतिविधि नगर्न नगराउन आग्रह गरेको छ ।

कार्यालयले मैनबत्ती तथा बिजुलीको प्रयोग गर्दा सावधानी अपनाउन, आतिसबाजी, पटाका, भुइँचम्पा वा अन्य कुनै विष्फोटक तथा आगलागी हुने पदार्थको खरिद बिक्री, ढुवानी भण्डारण र प्रयोग नगर्न नगराउन सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ ।

दीपावलीको अवसरमा देउसीभैलोलगायतका कार्यक्रम गर्दा मर्यादित, अनुशासित एवं व्यवस्थित ढंगले बेलुका नौ बजेसम्ममात्रै गर्न र कुनै गुनासो नआउनेगरी मात्र खेल्ने व्यवस्था मिलाउन सूचनामा अनुरोध गरिएको छ ।

'सार्वजनिक आवागमन हुने सडक मार्गमा अवरोध हुने गरी देउसीभैलो खेल्न पाइने छैन । सार्वजनिक स्थान, पदमार्ग, सडकमार्गजस्ता स्थानमा आम सर्वसाधारणको आवागमनलाई बाधा पर्ने गरी कुनै पनि प्रकारको पूजा मण्डप वा दीपावली उत्सव थल बनाउन पाइने छैन,' सूचनामा भनिएको छ ।

चाडपर्वको समयमा सम्पत्ति चोरीको सम्भावना अधिक हुने गरेको विगतको घटनाबाटसमेत पुष्टि भएको उल्लेख गर्दै सूचनामा घर खाली नहुनेगरी चनाखो र सतर्क भई आ-आफ्नो घर रेखदेख गर्न, घर छोड्नुपरेको खण्डमा छिमेकीलाई जानकारी गराउन र शंकास्पद व्यक्ति आएको खण्डमा नजिकको प्रहरी एवं सुरक्षा एकाइमा खबर गर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ ।

अत्यावश्यक वस्तुमा कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी, मुलचवृद्धि, म्याद नाघेका वस्तु बिक्री वितरण गर्नेलगायतका उपभोक्ता हित विपरीतकाकार्य नगर्न भनिएको छ । सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोक्ने, मादकपदार्थ सेवन गरी सवारी नचलाउने, तोकिएको भाडादरभन्दा बढी भाडा नलिने, ट्राफिक नियम पालना गर्ने र गराउने कार्य गर्नसमेत ध्यानाकर्षण गराइएको छ ।

गैरकानुनी रूपमा चिट्ठा, जुवातास र अनलाइन सपिङका नाममा हुने अवैध कारोबार तथा विद्युतीय माध्यमबाट हुने ठगीबाट बच्न सबैलाई जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ ।

# परिस्थिति सामान्य भएपछि ४१ स्थानबाट फिर्ता भयो सेना

**काठमाडौं–** 'जेन-जी' प्रदर्शनपछि ६२ वटा कारागार र महत्त्वपूर्ण संरचनाको सुरक्षामा खटिइएको नेपाली सेनाको फौज स्थिति सामान्य हुँदै गएपछि ४१ स्थानबाट फिर्ता भएको छ । गत भदौ २३ र २४ को प्रदर्शनपछि उत्पन्न परिस्थितिमा उपत्यकाभित्र पाँच र उपत्यका बाहिर ५७ गरी कूल ६२ वटा कारागार तथा महत्त्वपूर्ण संरचनाको सुरक्षार्थ सेना खटिएको थियो ।



सुरक्षा चुनौतीलाई ध्यानमा राखी अझै पनि २१ स्थानमा फौज तैनाथ भइरहेको सेनाले जानकारी दिएको छ । प्रदर्शनबाट सिर्जित आगजनी, तोडफोड र दंगा जस्तो अप्ठ्यारो परिस्थितिमा छदेखि आठ घण्टाको तैनाथीमा उक्त अवस्था नियन्त्रणमा ल्याउन सफल भएको सेनाका उपरथी एवं युद्धकार्य महानिर्देशक अनुपजंग थापाले जानकारी दिए ।

उनले भने, 'अत्यन्त चुनौतीपूर्ण अवस्थामा शून्य मानवीय क्षतिका साथ सतप्रतिशत उद्धार गर्न सफल भएका छौं । जसका कारण अत्यावश्यक सेवा तथा वस्तुको प्रवाहमा तत्कालै सहयोग पुगेको छ ।' सिंहदरबारको मुख्य भवनमा आगजनी भए पनि सेनाको पहलबाट त्यहाँभित्रका रणनीतिक महत्त्वका कागजातको राष्ट्रिय सुरक्षा परिषद्, रक्षा मन्त्रालय र अर्थ मन्त्रालयको 'डेटा सेन्टर' आगजनीबाट जोगाउन सफल भएको उपरथी थापाले जानकारी दिए । मुलुकको समग्र सुरक्षा अवस्थाको जिम्मेवारी सम्हालेपछि सेनाले सञ्चालनमा ल्याएको 'हटलाइन'मा प्राप्त चोरी, लुटपाट र आगजनीजस्ता गुनासाको तत्काल सम्बोधन गरी सुरक्षाको प्रत्याभूति दिइएको सेनाले जनाएको छ ।

'त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आक्रमण गर्ने उद्देश्यका साथ भेला भएका करिब दुई हजार जना प्रदर्शनकारीलाई रोकी भदौ २५ गतेदेखि नै विमानस्थल पूर्णरूपमा सञ्चालन गरिएको थियो,' महानिर्देशक थापाले भने, 'विमानस्थलमा फसेका विदेशी पर्यटककोसमेत यथोचित् सुरक्षा गरिएको थियो । साथै उपत्यकामा रहेका विभिन्न कूटनीतिक नियोग तथा विदेशी नागरिकको सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाइएको थियो ।'

यसअघि पहिलो चरणमा सिंहदरबारभित्र प्रवेश गरेका प्रदर्शनकारीलाई सेनाले रोक्न सफल भए पनि ठूलो संख्यामा थपिएको भीडलाई रोक्न घातक हतियारको प्रयोग गर्नुपर्ने अवस्था भएकाले त्यसबाट हुनसक्ने मानवीय क्षति रोक्न विशेष सचेतता अपनाइएको सेनाको प्रस्टीकरण छ । *रासस*

# यमपञ्चक सुरु, घरघरमा यमदीपदान

**काठमाडौं (प्रस)–** कार्तिक कृष्ण त्रयोदशीको साँझ शनिबार यमदीपदान सुरु गरेसँगै यस वर्षको तिहार अर्थात् यमपञ्चक आरम्भ भएको छ । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म यमयातना भोग्नु नपरोस् भनी यमदीपदान गरिन्छ ।

यमदीपदान परिवार सदस्य संख्याका आधारमा प्रत्येकको छुट्टाछुट्टै दिनुपर्ने धार्मिक मान्यता रहेको धर्मशास्त्रविद् प्रा.डा. देवमणि भट्टराईले जानकारी दिए । यमदीपदान सुरु भएसँगै शनिबारदेखि नै घर, व्यापारिक प्रतिष्ठानलगायत स्थानमा दीपावली गरिएको छ । तिहारलाई दीपको पर्व पनि भनिन्छ । यो हिन्दूको दोस्रो ठूलो चाड हो ।

यमदीपदान गरी शनिबार सुरु भएको तिहारको दोस्रो दिन आइतबार कागको पूजा गरी मीठामीठा खानेकुरा खान दिइन्छ । सोमबार बिहान जलाशय, नदी, कुवामा गई स्नानसहित बत्ती बालेर बगाइन्छ । यसलाई नरक चतुर्दशी पनि भनिन्छ । यसै दिन बेलुकी लक्ष्मीपूजा गरिन्छ ।

चौथो दिन मंगलबार तिहारको कुनै कर्म नगरिने धर्मशास्त्रविद् प्रा.डा. भट्टराईले बताए । उनका अनुसार पाँचौं दिन बुधबार गाईको पूजा गरिन्छ । यसै दिन गोवर्द्धनपूजा, बलिपूजा, हलितिहार, गोरुको समेत पूजा गरिन्छ । छैटौं दिन बिहीबार दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि पाँच दिन लामो तिहार पर्व समापन हुन्छ ।


## जिरी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जिरी, दोलखा

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः- २०८२/०७ /०२**

यस कार्यालय अन्तर्गत तपसिलमा उल्लेखित औषधिजन्य सामग्रीहरुको बोलपत्र आह्वान गर्नु पर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract No. | Description of work | Bid Security | Cost of Bidding Document |
|---|---|---|---|---|
| 1 | JIRIMUN/GOODS/2 082/083/NCB-06 | Supply and delivery of Medicine and medical goods at jiri municipality | 85,000.00 | 3000.00 |



## पचालझरना गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पडेक्षा, कालिकोट
### कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

**प्रकाशित मिति : २०८२/०७/०२ गते**

यस कार्यालयबाट मिति २०८२/०५/२४ मा प्रथम पटक प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम देहाय बमोजिमको कार्यमा पर्न आएका बोलपत्रहरूको यस गाउँपालिकाको बोलपत्र मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम मूल्याङ्कन गरी सिफारिस गरेबमोजिम तपशिलमा उल्लेखित बोलपत्रदाताले न्युनतम रूपमा कबोल गरेको बोलपत्र सारभूत रूपमा प्रभावाग्राही समेत रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRM/082/083/ GOODS/ NCB-01 | Supply and delivery of medical items upto office of Pachaljharana Rural Municipality, kalikot | Devdatta Medico Pharma | 648988.00 VAT बाहेक | |

**प्रमुख प्रशासकीय अधिकृत**



## Khijidemba Rural Municipality
## Office of Rural Municipal Executive
**Khijifalate, Okhaldhunga**
**Koshi province, Nepal**

**Invitation for Bids**

**Date of First Publication: 2082/07/02**

1. Khijidemba Rural Municipality, Okhaldhunga invites Open Competitive Bidding from the eligible bidders for the works given in table below under National Competitive Bidding Procedures .

| S.N. | Contract Identification Number/Work Description | Estimated amount with VAT & PS (NRs) | Bid Validity Period | Bid Security amount (NRs) | Cost of bid Document NRs. (non -refundable) |
|---|---|---|---|---|---|
| 1 | KDRM/OKH/NCB/ WORKS/ 05/2082/083 Construction of Kilkhording Gumba Buddhist study hostel. | Rs 7845935.174 | 90 days from the date of bid opening. | 195000 | 3000.00 |

2. Eligible Bidders may obtain further information or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Sit www.bolpatra.gov.np/egp.Bidders, submitting their bid, should deposit the cost of bidding document; mentioned in table above in the Rajaswa (revenue) account as specified below sand the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
   **Name of Bank :Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga**
   **Name of Office:- Khijidemba Rural Municipality Khijifalate, okhaldhunga**
   **Office Account no :- 17801400000116**
4. Account Number for Bid Security Deposit:Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga Account Number: 17801400000048, Name of Office:- Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga Or Bank Guarantee Issued by Commercial Bank in the Name of Khijidemba Rural Municipality, Office of Rural Municipal Executive Khijifalate, Okhaldhunga (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
5. Electronics bids must be submitted to Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga before 12:00 Noon on 2082/08/02.
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/08/02 at 1:00 pm at Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act 2063 and public procurement regulations 2064 and other prevailing rules and regulations of Nepal.
10. Any Amendment on this notice shall be posted on office information board followed by notice on office website www.khijidembamun.gov.np.

**Chief Administrative Officer**
**Khijidemba Rural Municipality**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# नेपाली क्रिकेटको ऐतिहासिक छलाङ

राजनीतिक अस्थिरताले गर्दा मुलुकको सबै क्षेत्र निराशामा डुबेको बेला एउटा क्षेत्रले भने खुसी दिलाइरहेको छ, त्यो हो क्रिकेट । नेपाली क्रिकेट टोलीले ऐतिहासिक छलाङ मार्दै विश्वभरका नेपालीहरूलाई हर्षित तुल्याएको छ । राजनीति अझै कतातिर जाने हो अनिश्चित रहेकोबेला टि–२० विश्वकपमा लगातार दोस्रोपल्ट छनोट भइ नेपाली क्रिकेट टोलीले दिएको यो खुसीलाई दीर्घकालीन बनाउन भने धेरै काम गर्न बाँकी छ ।

नेपाल लगातार दोस्रो र समग्रमा तेस्रोपटक टि–२० विश्वकप खेल्ने पक्का भएको छ । आगामी माघमा भारत र श्रीलंकामा हुने उक्त प्रतियोगितामा छनोटका लागि ओमानमा भएको प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गऱ्यो । समूह चरणमा कतार र जापानलाई हराएको नेपालले सुपर सिक्समा पनि अपराजित रहँदै छनोट प्रतियोगिताको च्याम्पियन बन्यो । नेपालले सुपर सिक्समा घरेलु टोली ओमानसहित युएई र सामोआलाई पराजित गरेको हो ।

नेपालले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को प्रतियोगितामा लामो समयपछि उपाधि हात पारेको छ । आइसिसी पुरुष टी–२० विश्वकप एसिया–इस्ट एसिया प्यासिफिक छनोटअन्तर्गतको अन्तिम खेलमा शुक्रबार सामोआलाई हराउँदै उपाधि जित्दा सारा नेपालीले शिर ठडिएको अनुभूति गर्न पाएका छन् । आइसिसीको प्रतियोगितामा सात वर्षयता हात पार्न नसकेको उपाधिको खडेरीलाई तोड्दै नेपाल च्याम्पियन बन्न सफल भएको छ । यो सफलता साँच्चै नै नेपाली क्रिकेटको मात्रै होइन, सारा नेपालीको हो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाल र नेपालीले गर्व गर्नलायक बनेको छ, नेपाली क्रिकेट । यसमा खेलाडीहरूको मिहेनत र समर्पण महत्त्वपूर्ण छ । पछिल्ला खेलहरूमा देखिएको नतिजाले पनि यसलाई पुष्टि गर्छ । त्यसैले त नेपाली क्रिकेटका समर्थकहरू दिनानुदिन बढिरहेका छन् । क्रिकेटमा राज्यको पनि नजर पर्न थालेको छ । मुलुकभित्रै पनि क्रिकेट गतिविधि र पूर्वाधारमा लगानी बढाउँदै लगिएको छ । यो सकारात्मक पक्ष हो । तर अझै पनि राज्यले पूरा गर्नुपर्ने दायित्व पूरा गर्न सकेको छैन । खेलाडीहरूको मनोबल बढाउन सरकारले उनीहरूमाथि लगानी बढाउन जरुरी छ ।

नेपाली खेलकुद क्षेत्र अगाडि नबढ्नुको मुख्य कारण हो, राजनीतिकरण । यही कारण फुटबल शून्यको अवस्थामा पुगिसकेको छ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा लाजमर्दो नतिजा दिइरहेको छ फुटबलमा । अन्य खेलकुदको पनि हालत उही छ । अहिले आशा जगाइरहेको भनेको क्रिकेटले मात्रै हो । बेलाबेला यो क्षेत्र पनि विभिन्न विवादमा नफसेको भने होइन । विभिन्न विवाद र समस्याका बाबजुद पनि आफ्नो लय छाडेको छैन, नेपाली क्रिकेटले । अब विश्वकप यात्रा तय गरिसकेकोले उक्त प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरी क्रिकेटका महारथी राष्ट्रहरूलाई चकित तुल्याउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ । यसका लागि नेपाल क्रिकेट संघ (क्यान), सरकार र सरोकारवाला सबैले आ–आफ्नो दायित्व इमान्दारीसाथ समयमै पूरा गर्नुपर्छ ।

# आयुर्वेदको संरक्षण र समृद्धितर्फ नेपालको प्रतिबद्धता



डा. श्यामबाबु यादव

नागरिकले चाहेको स्वास्थ्य सेवा लिन पाउने नैसर्गिक हकको सुनिश्चितताका लागि नेपालको मौलिक एवं राष्ट्रिय चिकित्सा पद्धति आयुर्वेदको सर्वांगीण विकास जरुरी हुन्छ । आधुनिक स्वास्थ्य प्रणालीसँग एकीकृत आयुर्वेद सेवा प्रवाहको अभावले पनि सेवाको प्रभावकारिता र पहुँचमा बाधा पुऱ्याएको छ । कलेज तथा विश्वविद्यालयहरूमा आयुर्वेद शिक्षाको मानकीकरण अभाव, विदेशी देशहरूमा जस्तै आयुर्वेद क्षेत्रमा व्यवस्थित बजेट विनियोजन, अनुसन्धान संगठनहरूको सक्रियता र जनशक्ति विकासका लागि नीति निर्माणले नेपालमा दिर्घकालीन सुधार ल्याउन आवश्यक छ ।

आयुर्वेदमा स्वास्थ्य र औषधिको देवता भगवान् धन्वन्तरीको जन्म जयन्तीको रूपमा कात्तिक कृष्ण त्रयोदशी तिथिमा धन्वन्तरी दिवस मनाइन्छ । धन्वन्तरी भगवान्ले प्रकृतिमा नै रहेका जडीबुटीबाट समस्त मानव जीवनको स्वास्थ्यको रक्षा गरी मनुष्य जीवनको उद्धार गरेको हुनाले यस दिनलाई वैध, कविराज आयुर्वेदाचार्यहरूले धन्वन्तरी भगवान्को सम्झनामा विविध कार्यक्रम गरी मनाउने चलन रहेको छ । सत्य युगमा समुद्र मन्थन गर्दा अमृतको घडासहित कात्तिक कृष्णपक्ष त्रयोदशीका दिन भगवान् धन्वन्तरीको प्रकट भएको थियो । धन्वन्तरीलाई भगवान् विष्णुका २४ वटा अवतारमध्ये एक अवतार मानिन्छ ।

वैदिक हिन्दू दर्शनका चार उपवेदमध्येको आयुर्वेदको पुस्तक र प्रकृतिले दिएको औषधिको प्रतीकका रूपमा जडीबुटी लिएका भगवान् धन्वन्तरीलाई आयुर्वेद चिकित्सा क्षेत्रका संस्थापकको रूपमा लिने गरिन्छ । आरोग्य प्रदानका लागि समुद्र मन्थनमा अमृत कलश बोकी संसारमा अवतरित धन्वन्तरीलाई सम्मान गर्ने धार्मिक, सांस्कृतिक तथा स्वास्थ्य जागरुकताको यो दिवस एक महत्त्वपूर्ण अवसर हो । आजको दिनलाई आयुर्वेदका चिकित्सकहरूले सत्संकल्प गरी शुभकार्य प्रारम्भ गर्ने अवसरका रूपमा लिने गर्छन् ।

प्राचीनतम् वैदिक चिकित्सापद्धति आयुर्वेदका प्रवर्तक धन्वन्तरीको उत्पत्ति भएको सम्झनामा देशभर विविध कार्यक्रम गरी धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवसको विशेष महत्त्व रहेको छ । आयुर्वेदसँग सम्बन्धित विभिन्न संस्थाहरूले देशभर विभिन्न कार्यक्रमसहित राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती मनाउने भएका छन् । यो दिवस कार्तिक कृष्णपक्षको त्रयोदशी अर्थात् कागतिहारको दिन पर्दछ । जसलाई धनतेरस पनि भनिन्छ । धनतेरसका दिन भगवान् धन्वन्तरीको विशेष पूजा हुन्छ । यो दिन धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो । धनतेरसका दिन नेपालको तराई क्षेत्र र समस्त भारतमा नयाँ-नयाँ भाँडाकुँडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ ।

धन्वन्तरी दिवसलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा वि.सं. २०५६ देखि मनाउन थालिएको हो । हरेक वर्ष कात्तिक कृष्ण त्रयोदशीमा मनाइने यो दिवस यस वर्ष राष्ट्रिय आरोग्य दिवस एवं धन्वन्तरी जयन्ती 'आरोग्यताको आधार ! योग, ध्यान र आयुर्वेद उपचार' भन्ने नाराका साथ मनाउन नेपाल आयुर्वेद चिकित्सक संघले देशभरिका आयुर्वेद स्वास्थ्य संस्थाहरूलाई आह्वान पनि गरेको छ । एक उपचार पद्धतिमात्र नभई आयुर्वेद सम्पूर्ण जीवनशैलीको विज्ञान भएको हुँदा यस दिनलाई राष्ट्रिय आरोग्य दिवसको रूपमा पनि मनाउने व्यवस्था गरिएको छ, जसले आयुर्वेदलाई राष्ट्रिय स्वास्थ्य प्रणालीमा आबद्ध गर्ने भव्य लक्ष्यको प्रतिबद्धता देखाउँछ । यसले हाम्रो प्राचीन चिकित्सा ज्ञानलाई संरक्षण गर्नेमात्र नभई वर्तमान एवं भविष्यका स्वास्थ्य चुनौतीहरूको सामना गर्न यसको वैज्ञानिक प्रवर्द्धन तथा आधुनिकीकरणमा जोड दिन्छ ।

आयुर्वेद एक समग्र जीवन विज्ञान हो, जसले शरीर, मन र आत्माको सन्तुलन कायम राख्न शारीरिक र मानसिक तत्वहरूको सन्तुलनको सिद्धान्तमा आधारित चिकित्सा पद्धति प्रदान गर्दछ । आयुर्वेदले व्यक्तिको प्रकृतिअनुसारको आहार, जीवनशैली, मानसिक स्वास्थ्य र सामाजिक व्यवहारलाई समायोजन गरी दीर्घायु र रोगमुक्त जीवन प्रदान गर्छ । यसले निवारणात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य दृष्टिकोणलाई विशेष महत्त्व दिन्छ, जसले आजका जटिल, जीवनशैली आधारित रोगहरूको उपचारमा पनि प्रभावकारी भूमिका खेल्न सक्छ । आयुर्वेदको यो समग्रता विश्व स्वास्थ्य संगठनलेसमेत संरक्षणयोग्य परम्परागत चिकित्सा प्रणालीको रूपमा मान्यता दिइसकेको छ ।

नेपालका भौगोलिक र जैविक विशेषताहरू आयुर्वेद सेवाका लागि अतिआधारभूत हुन् । हिमालदेखि तराईसम्मका दुर्लभ जडीबुटीहरू संकलन र प्रयोगका लागि प्रशस्त सम्भावना छ । हाल काठमाडौं नरदेवीमा रहेको आयुर्वेद अस्पतालसहित सबै प्रदेश र जिल्लामा आयुर्वेद स्वास्थ्य सेवा विस्तार भइरहेको छ । एक केन्द्रीय अस्पताल, तीनवटा प्रादेशिक अस्पताल, ७७ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पालिकास्तरीय आयुर्वेद शाखाहरू एवं नागरिक आरोग्य सेवा केन्द्रमार्फत निःशुल्क स्वास्थ्य परीक्षण, निःशुल्क आयुर्वेद औषधि वितरण, शल्यकर्म, पञ्चकर्म, योगसहित विशिष्टीकृत सेवाहरूको पहुँच व्यापक बनाउनेजस्ता सकारात्मक प्रयासहरूसमेत भइरहेका छन् । देशका सबै स्थानीय तहमा आयुर्वेद सेवाको पहुँचका लागि संस्थाहरू तथा कार्यक्रमहरू पुगेको र आरोग्यताका लागि नागरिक आरोग्य कार्यक्रम, स्वर्णप्राशनजस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

आयुर्वेद सेवाको विकासमा अझै धेरै चुनौतीहरू बाँकी छन् । कुशल तथा प्रशिक्षित जनशक्तिको अभावले सेवा गुणस्तर प्रभावित छ । आधुनिक औषधि निर्माण, गुणस्तर मानकीकरण र वैज्ञानिक प्रमाणीकरणमा पर्याप्त पुँजी र पूर्वाधार नभएकाले दायरा सीमित छ । जडीबुटीको दिगो संकलन, प्रशोधन, संरचना र बजार विकासमा आवश्यक रणनीति अभाव छ । नागरिकले चाहेको स्वास्थ्य सेवा लिन पाउने नैसर्गिक हकको सुनिश्चितताका लागि नेपालको मौलिक एवं राष्ट्रिय चिकित्सा पद्धति आयुर्वेदको सर्वांगीण विकास जरुरी हुन्छ ।

आधुनिक स्वास्थ्य प्रणालीसँग एकीकृत आयुर्वेद सेवा प्रवाहको अभावले पनि सेवाको प्रभावकारिता र पहुँचमा बाधा पुऱ्याएको छ । कलेज तथा विश्वविद्यालयहरूमा आयुर्वेद शिक्षाको मानकीकरण अभाव, विदेशी देशहरूमा जस्तै आयुर्वेद क्षेत्रमा व्यवस्थित बजेट विनियोजन, अनुसन्धान संगठनहरूको सक्रियता र जनशक्ति विकासका लागि नीति निर्माणले नेपालमा दिर्घकालीन सुधार ल्याउन आवश्यक छ ।

यी सबै चुनौतीहरूको समाधानका लागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले निर्माण गरेको रणनीतिक योजनामा लागू पर्ने प्रतिबद्धता जनाएको छ । तीन तहका सरकारसँग समन्वय गरी राष्ट्रिय नीतिमा परिमार्जन गर्ने, अनुसन्धान, र औषधि प्रमाणीकरणमा कडा नियम ल्याउने कार्य अघि बढाइएको छ । जडीबुटी खेतीलाई प्रोत्साहन गरी मूल्य शृंखला विकास गर्ने, निजी क्षेत्रसँग सहकार्य गर्दै डिजिटल स्वास्थ्य सेवा प्रविधि (जस्तैः टेलिमेडिसिन) मार्फत दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने योजना छ । यसरी आयुर्वेदलाई समग्र स्वास्थ्य प्रणालीमा एकीकृत गराउने प्रयासले पारम्परिक चिकित्सा र आधुनिक प्रविधिको संयोजन सुनिश्चित गर्न मद्दत पुऱ्याउने छ ।

धन्वन्तरी जयन्ती र राष्ट्रिय आरोग्य दिवसलाई हाम्रो स्वस्थ भविष्यतर्फ एक सशक्त संकल्पका रूपमा स्वीकार्दै, नयाँ युगको आयुर्वेद सेवाको विकासमा सबै तहका निकायहरूले एकजुट भएर काम गर्नुपर्ने आवश्यकता रहन्छ । यसले मात्र हाम्रो स्वास्थ्य प्रणालीलाई दिगो, सर्वसुलभ र विश्वसनीय बनाउन मद्दत गर्ने छ र समृद्धि, सन्तोष र जीवन्तताको आधारशीला निर्माण गर्ने छ ।

*(नेपाल आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. यादवसँग राससले गरेको कुराकानीमा आधारित)*

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

पाठक मञ्च

## हचुवाको भरमा लगानी गर्दा धमाधम डुबानमा पर्दै

बूढापाकाले भन्थे, 'कागले कान लग्यो भनेर कागको पछि दौडिने होइन आफ्नो कान छ कि छैन भनेर छाम्ने हो ।' करोडौं सर्वसाधारणले सेयरमा लगानी गरेका छन् । सेयर बैंक, वित्तीय संस्था, जलविद्युत्लगायत कम्पनीहरूले १०० रूपैयाँ प्रतिकित्तामा निष्काशन गर्ने गर्छन् । एक सय कित्ताको सेयर मूल्य बढाएर ३२ सय पुऱ्याइयो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी हुँदा ३२ सयको सेयर १६ सयमा झरेको थियो । त्यतिबेला बजारमा भनिन्थ्यो, सेयर एक हजारमा झर्छ । सोही समयमा अर्थात् २०७९ पुस ११ गते एमाले उपाध्यक्ष विष्णु पौडेल अर्थमन्त्री भए । उनी अर्थमन्त्री हुनासाथ १६ सयको सेयर २५ सय पुग्यो । ०८२ जेठ ६ गते राष्ट्र बैंकको गभर्नरमा विश्व पौडेल नियुक्त भए ।

२४ सयमा झरिसकेको सेयर ३१ सय पुग्यो । सेयर दलाली तथा लगानीकर्ताहरू भन्थे, अब सेयरको मूल्य ४५ सय पुग्छ । गत भदौ २३ र २४ गते जेन-जी पुस्ताले देशभर आन्दोलन गरे । झण्डै ८० जनाले ज्यान गुमाए भने हजारौं घाइते भएका छन् । आन्दोलनमा खर्बौंको सार्वजनिक तथा निजी सम्पत्तिमा आगजनी हुँदा खरानी बनेको छ ।

सहकारी, लघुवित्त र फाइनान्स डुबेको धेरै भइसक्यो । बैंकमा पनि समस्या आइरहेको छ । अहिले जलविद्युत् कम्पनीहरू पनि संकटमा छन् । जसको प्रभाव सेयरमा देखिँदै छ । ३१ सय पुगिसकेको सेयर २४ सयमा झरेको छ । जबकि दलालीहरूले सेयर ४५ सय पुग्ने ठोकुवा गरेका थिए । अहिले बजारमा भनिन्छ- केही समयपछि एक सयमासमेत सेयर बिक्दैन ।

बैंक, वित्तीय संस्था वा हाइड्रोपावर कम्पनीहरूले नाफा कमाए सेयर लगानीकर्तालाई बोनस दिने हो । तर, यी संस्थाहरू पनि टाट पल्टिसकेका छन् । बैंकले एक लाख आनामा नबिक्ने जग्गा धितो राखेर करोडौं कर्जा दिएको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छाले ५० करोडमा नबिक्ने जग्गा धितो राखेर बैंकबाट डेढ खर्ब रूपैयाँ ऋण लिएको सुनिन्छ ।

त्यो धितो पनि सरकारी, गुठी, ऐलानी जग्गा भएको बताइन्छ । चौधरी ग्रुप, विशाल ग्रुपहरूले पनि यसरी नै बैंकबाट ऋण लिएको सुनिन्छ । उद्योग वाणिज्य महासंघका वर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले ताप्लेजुङको पाथीभरा मन्दिर आसपास सात लाखमा किनेको जग्गा धितो राखेर बैंकबाट २८ करोड ऋण लिएको चर्चा छ । यतिमात्र होइन उनले विभिन्न बैंकबाट अर्बौं ऋण लिएका छन् ।

तर, जेन-जी आन्दोलनका क्रममा उनको केबलकारमा पनि आगजनी भएको छ । भाटभटेनी साहु मीनबहादुर गुरुङले देशभर रहेका आफ्ना ३१ वटा भाटभटेनी धितो राखेर ५३ अर्ब ऋण लिएकोमा जेन-जी आन्दोलनका क्रममा दुई दर्जनभन्दा बढी भाटभटेनी ध्वस्त भएको छ ।

सरकारले देशभर २०२१, ०२८ र ०३२ सालमा जग्गा नापी गरेर जनताको जग्गाको लालपुर्जा जनतालाई नै दिएको थियो । त्यसरी लालपुर्जा दिएर बचेको जग्गालाई ऐलानी, हदबन्दी बढी, सरकारी, गुठीलगायत जग्गामा राखी सरकारी स्वामित्वमा ल्याइयो । तर, जग्गा, भूमाफिया, व्यापारीहरूले त्यस्तो जग्गा कब्जा गरेका छन् ।

काठमाडौं र भक्तपुरमा ०२१ र ०२८ सालमा जग्गा नापी हुँदा अनामनगर र राधेराधेस्थित भाटभटेनी रहेको जग्गालाई ऐलानी, सरकारी भनी लेखिएको स्थानीय बताउँछन् । गुरुङले सोही जग्गा कब्जा गरेर भाटभटेनी ठडयाएका छन् । त्यसो त भाटभटेनीले राज्यलाई साढे चार अर्ब राजस्व पनि छलेको छ । सो रकम तिर्न सर्वोच्च अदालतले गुरुङलाई आदेश दिएता पनि उनले हालसम्म तिरेका छैनन् । यतिमात्र होइन, बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा पनि अदालतले गुरुङलाई दोषी ठहर गर्दै दुई वर्ष कैद र ८० लाख रूपैयाँ जरिवानाको फैसला सुनाइसकेको छ । पूर्वमन्त्री दीपक खड्काले नेपाल छोडिसकेको बताइन्छ । यदपि, पुष्टि भने भइसकेको छैन ।

जेन-जी आन्दोलनका क्रममा उनको आलिसान घरमा पनि आगजनी भयो । त्यतिबेला उनको घरमा पैसैपैसा भेटिएको थियो । खड्काले विभिन्न बैंकबाट १४ अर्ब ऋण लिएको बुझिन्छ । उनी भागेसँगै अब ऋण दिने बैंक टाट पल्टिने पक्का छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले पनि विभिन्न ठाउँको घरजग्गा धितो राखेर बैंकबाट ११ अर्ब ऋण लिएका छन् । उनले वर्षौंदेखि बैंकको साँवाब्याज तिरेका छैनन् भने उनको धितो बेच्दा आधा रकमसमेत बैंकलाई उठाउन हम्मेहम्मे पर्ने अवस्था छ । एमाले नेता महेश बस्नेतले पनि विभिन्न बैंकबाट सात अर्ब कर्जा लिएका छन् । जेन-जी आन्दोलनका क्रममा उनको पनि घर जल्यो । यी त उदाहरणमात्रै हुन् । बैंकको ऋण खाएर तिर्न नसकेकै कारण एक लाख २५ हजारभन्दा बढी कालोसूचीमा परेका छन् ।

बैंकको लगानी विशेष गरी चारवटा क्षेत्रमा छ । घरजग्गा, गाडी, सेयर र सुन । यी सबैको मूल्य कृत्रिमरूपमा बढाइएको हो । दश हजार रोपनीमा नबिक्ने खेतको पाटो दलालीहरूले टुक्राटुक्रा बनाएर आनाकै २५ लाखदेखि करोडौंमा बेचे । एक रोपनीमा १६ आना हुन्छ । छिमेकी मुलुक भारत र चीनमा एकदेखि १० लाख रूपैयाँमा पाइने सवारीसाधन यहाँ २० लाखदेखि करोडौंमा बेचिएको छ ।

मानिससँग रोजगारी छैन, पैसा छैन । आज अर्थतन्त्रमासमेत संकट आएको छ । विदेशी ऋण २९ खर्ब ४२ अर्ब पुगेको छ । निर्माण व्यवसायीको ४५ अर्ब, दुध तथा उखु किसानको सात अर्ब र कोरोना बिमा गराएका अस्पतालको २४ अर्ब भुक्तानी दिन बाँकी छ । अनि राजस्व उठ्ने स्रोत नै ठप्प भएपछि अब कसरी यी ऋण तिर्ने ? सरकार, जनता, संघसंस्था सबै दलालीहरूको लहैलहैमा लाग्दा यो अवस्था आएको हो । त्यसैले, कागले कान लग्यो भनेर त्यसको पछि दौडिनुको साटो पहिले आफ्नो कान समाउने हो ।

**- रूषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**फुतफुते झरना** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा रहेको फुतफुते झरना । फुतफुते झरना नारच्याङदेखि अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको आकर्षक गन्तव्य बनेको छ । *तस्विरः रासस*

# स्वास्थ्यमन्त्री पाठक सुटुक्क फार्मेसीमा पुगेपछि...

**गलकोट (बागलुङ)**– बागलुङको धौलागिरि प्रादेशिक अस्पतालमा बिरामीले औषधि नपाएको गुनासोपछि गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठक शनिबार फार्मेसीमा पुगे ।

बिहीबार अस्पताल फार्मेसीमा पुगेका स्वास्थ्य बिमामा आबद्ध अधिकांश बिरामीले नियमितरूपमा सेवन गर्ने थाइराइड, उच्च रक्तचाप, सुगर र मुटुलगायतका बिरामीले औषधि नपाएको गुनासो समाचारसमेत सार्वजनिक भएको थियो । उनी शनिबार पोखराबाट अस्पताल प्रशासनलाई थाहै नदिई अनुगमनमा आएका हुन् ।



सुटुक्क फार्मेसीमा पुगेका पाठकलाई फार्मेसीका कर्मचारीले सुरुमा चिन्न सकेनन् । मन्त्री पाठकले प्रदेश सरकारले औषधि खरिदका लागि पैसा पठाइसकेकाले किन औषधि खरिद नगरेको भन्दै प्रमुख मेडिकल सुपरिटेण्डेन्ट र फामेर्सी इञ्चार्जलाई प्रश्न गरे ।

अस्पतालका स्वास्थ्यकर्मी र फार्मेसीको बाहिर आफ्नो निजी पसल भएकाले अस्पतालमा औषधि अभाव बनाइराख्ने गरेको बिरामीको गुनासोपछि मन्त्री पाठकले निजी फार्मेसी र प्रायोगशाला रोज्ने कि अस्पताल रोज्ने भन्दै स्वास्थ्यकर्मीलाई प्रश्न गरेका थिए । उनीसँगै बिरामीले प्रयोगशाला र फार्मेसीमा काम गर्ने अधिकांश कर्मचारीको अस्पताल बाहिर आफ्नै फार्मेसी र प्रयोगशाला रहेकाले मिलेमतोमा समस्या सिर्जना गरिएको गुनासो गरे ।

स्वास्थ्यमन्त्री पाठकले अस्पतालमा काम गरेर बाहिर प्रयोगशाला र फार्मेसी चलाउनेलाई कारबाही गर्ने भन्दै तुरुन्तै औषधिको आपूर्ति व्यवस्था मिलाउन अस्पताललाई निर्देशन दिए । पाठकले स्वास्थ्य मन्त्रालयले तत्कालै दोहोरो फाइदा लिने कर्मचारीलाई अस्पताल वा निजी फार्मेसी रोज्न निर्देशन दिएका छन् ।

'अस्पतालमा जागिर गर्ने तर निजी स्वार्थका लागि बिरामीलाई औषधि नदिएर बाहिर पठाउने कुरा गलत छ । प्रदेशले औषधि खरिदका लागि पठाएको रकमले छिटो औषधि खरिद गरौं । मन्त्रालयले दुईतिर काम गर्ने कर्मचारीलाई कारबाही गर्न तत्कालै परिपत्र पठाउँछ,' मन्त्री पाठकले अनुगमनपश्चात् राससस‌ँग भने । अस्पतालले समयमै औषधि नल्याउँदा बिरामी महँगो मूल्यमा औषधि खरिद गर्न बाध्य भएका छन् ।

## कटारी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### कटारी, उदयपुर

### आन्तरिक आय तर्फको शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः– २०८२/०७/०२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११घ(६), कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८१ को दफा ७ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-६ मा व्यवस्था भएको दर रेट, सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली-२०६४, र कटारी नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ब्यबस्था भएअनुसार देहाय बमोजिम आन्तरिक आय संकलनको लागि कटारी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा खोलाको ढुङ्गा, गिटी तथा बलुवा उत्खनन्, संकलन तथा विक्री गर्ने कार्य ठेक्काबाट तपशिलक बमोजिमका खण्डका न्युनतम अंकमा नघट्ने गरी आ.ब.२०८२/०८३ को ठेक्का बन्दोबस्त गर्न शिलबन्दी दरभाउपत्र आह्वानको १५ दिने सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिबाट तोकिएको म्यादभित्र कानूनी प्रकृया पूरा गरेका ठेक्का, लिन ईच्छुक योग्य फर्महरूले तोकिएका शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउ पत्र खरीद गरी निर्धारित मिति र समय भित्र शिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**ठेक्का विवरणः–**

| क्र. सं | ठेक्का विवरण | ठेक्का नं. | परिमाण घ. मि. | न्युनतम बिक्रि मूलय (मु. अ. क. बाहेक) | शिलबन्दी दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | नागढुंगा क बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/04/082/83 | २,०१६ | ४,९८,३६१/- | १,०००/- |
| २ | नागढुंगा ख बगर क्षेत्र (तावा खोला), वडा नं. ७ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/05/082/83 | ३,१६४ | ७,८२,१४०/- | १,०००/- |
| ३ | कालीखांडी दोभान क्षेत्र (तावा खोला), वडा नं. ५ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/06/082/83 | ३,१३७।४० | ७,७५,५७५/- | १,०००/- |
| ४ | स्मृति वाटिका क्षेत्र (ककुर खोला), वडा नं. ४ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/07/082/83 | ६,३९१।८० | १५,८०,०७२/- | १,०००/- |
| ५ | हडैया खोला क्षेत्र, वडा नं. ३ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/08/082/83 | २,५३५।३० | ६,२६,७३४/- | १,०००/- |
| ६ | भुन्टे चौर कमला नदी बगर क्षेत्र क, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/09/082/83 | ६,७२० | १६,६१,२०४/- | १,०००/- |
| ७ | भुन्टे चौर कमला नदी बगर क्षेत्र ख, वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/10/082/83 | ६,४९६ | १६,०५,८३०/- | १,०००/- |
| ८ | मझुवा बगर क्षेत्र क (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/11/082/83 | २,८८० | ७११,९४५/- | १,०००/- |
| ९ | मझुवा बगर क्षेत्र ख (कमला नदी), वडा नं. २ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/12/082/83 | ३,४२० | ८,४५,४३४/- | १,०००/- |
| १० | सिस्नेरी बगर क क्षेत्र, वडा नं. १ को नदीजन्य पदार्थ बिक्री ठेक्का | KMUN/IR/SQ/13/082/83 | २,८८० | ७,११,९४५/- | १,०००/- |

शिलबन्दी दरभाउ पत्र खरिद गर्नु पर्ने अन्तिम मितिः **२०८२/०७/१६**
शिलबन्दी दरभाउ पत्रदाताले शिलबन्दी दरभाउ पत्र पेश गर्नु पर्ने अन्तिम मितिः **२०८२/०७/१७, दिनको १२:०० भित्र**
शिलबन्दी दरभाउ पत्र खोलने मितिः **२०८२/०७/१७, दिनको ०१:००**
धरौटी रकमः मु.अ.कर सहितको कुल कबोल अंकको ५%ले हुन आउने रकम वा ७५ दिनको बैंक जमानत

**शिलबन्दी दरभाउ पत्र खरिदको लागि**
बैंकको नामः– राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखा
कार्यालयको नामः कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कटारी
बैंक खाता नम्बरस् २०५०१००३०१०१०००२ (शिलबन्दी दरभाउ पत्र खरिदको लागि)
राजस्व शीर्षक नम्बरः– १४२२९

**शिलबन्दी दरभाउ जमानतको लागिः**
बैंक खाता नम्बरस् २०५०१००३०३००००००२
अफिस कोडस् १३-३६५-११
थप जानकारीको लागि कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला अथवा एएःइ को www.bolpatra.gov.np/egp मा हेर्नुहोला ।

**प्रमुख प्रशासकीय अधिकृत**

## एकता बहुउद्देश्यीय सहकारी संस्था लि
ललितपुर महानगरपालिका–१९, कुमारीपाटी, ललितपुर, फोन : ०१–५४२४१३५

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०७/०२*

यस संस्थाबाट तपसिलका सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम, थर ठेगाना | जमानीको नाम, थर ठेगाना |
|---|---|---|
| १ | नाम : राज लिम्बु<br>ठेगाना : आम्वेगुदिन गा.वि.स.०४, ताप्लेजुङ<br>बाबु : चिनाहाङ लिम्बु<br>बाजे : लाल बहादुर लिम्बु<br>ना.प्र.नं.: ०१०११०३५/२८०/ ताप्लेजुङ<br>जारी मिति : २०६७/११/१२  | नाम : सुन्दर साँवा<br>ठेगाना : सिनारु गा.वि.स. ०८, ताप्लेजुङ<br>बाबु : कृष्ण बहादुर साँवा<br>बाजे : चन्द्र बहादुर साँवा<br>ना.प्र.नं.: ०११०३४/७/ ताप्लेजुङ<br>जारी मिति : २०६४/०३/०८  |
| २ | नाम : शम्भुराज राई<br>ठेगाना : रतन्छा गा.वि.स.०७, खोटाङ<br>बाबु : बजिरमान राई<br>बाजे : जय बहादुर राई<br>ना.प्र.नं.: १२-०१-७४-०२९६७/ खोटाङ<br>जारी मिति : २०७४-०६-२५  | नाम : हीमकला राई<br>ठेगाना : रतन्छा गा.वि.स.०७, खोटाङ<br>बाबु : महल सिं राई<br>बाजे : राजधन राई<br>ना.प्र.नं.: २९७/१८२१/खोटाङ<br>जारी मिति : २९७/०९/२८  |
| ३ | नाम : रोहित शाक्य<br>ठेगाना : ललितपुर उ.म.न.पा.१२, ललितपुर<br>बाबु : राजु शाक्य<br>बाजे : पृथ्वी मान शाक्य<br>ना.प्र.नं.: २८१-०१५/५०२३९, ललितपुर<br>जारी मिति : २०६४/०१/१२  | नाम : दिबास तन्दुकार<br>ठेगाना : का.म.न.पा.खिचापोखरी २२, काठमाडौं<br>बाबु : दीपक लाल तन्दुकार<br>बाजे : शंकर तन्दुकार<br>ना.प्र.नं.: २७१०६०/३५८०/काठमाडौं<br>जारी मिति :  |
| ४ | नाम : सुष्मा अधिकारी<br>ठेगाना : बाकेगाऊ गा.वि.स.०५, नेपालगन्ज<br>बाबु : गगा अधिकारी<br>बाजे : गगन अधिकारी<br>ना.प्र.नं.: २/१८९, नेपालगन्ज<br>जारी मिति : २०५२/०५/२५  | नाम : नविन श्रेष्७<br>ठेगाना : ललितपुर नगर १९, ललितपुर<br>बाबु : चिनीया लाल श्रेष्७<br>बाजे : वुद्धिलाल श्रेष्ठ<br>ना.प्र.नं.: ५७९४२/ ललितपुर<br>जारी मिति :  |
| ५ | नाम : भद्र बहादुर भन्डारी<br>ठेगाना : रैनादेवी छहरा गा.पा.०४, पाल्पा<br>बाबु : जुद्ध बहादुर भन्डारी<br>बाजे : केहर सिं भन्डारी<br>ना.प्र.नं.: ३९-०१-७६-०३८७५, पाल्पा<br>जारी मिति : २०७६-०६-१७  | नाम : विष्णु घिमिरे<br>ठेगाना : पटौटी गा.वि.स. ०४, अर्घाखाँची<br>बाबु : ओम बहादुर घिमिरे क्षेत्री<br>बाजे : मोती लाल ज्ञिमिरे<br>ना.प्र.नं.: ४०१०३२/७६७, अर्घाखाँची<br>जारी मिति : २०६७/१२/२२  |
| ६ | नाम : टेनलाल घिसिंग (तामाङ)<br>ठेगाना : पिंखुरी ०४, रामछाप<br>बाबु : ईन्द्र बहादुर तामाङ<br>बाजे : कमान सिं घिसिङ<br>ना.प्र.नं.: ७९००/रामेछाप<br>जारी मिति : २०४६/०३/१५  | नाम : बाबुलाल तामाङ<br>ठेगाना : पिञ्खुरी गा.वि.स. ०४, रामेछाप<br>बाबु : टेनलाल घिसिङ (तामाङ)<br>बाजे : ईन्द्र बहादुर तामाङ<br>ना.प्र.नं.: २१२११०३९/३२३९६, रामेछाप<br>जारी मिति : २०६९/०४/२४  |
| ७ | नाम : रीना देशार<br>ठेगाना : चापागाउँ गा.वि.स. ०२, ललितपुर<br>बाबु : हिरा काजी देशार<br>बाजे : नायंया देशार<br>ना.प्र.नं.: २८-०१-०६८-००४३२/ ललितपुर<br>जारी मिति : द्दण्टड/ण्ज्ञ/ज्ञद्द  | नाम : नितेश खान<br>ठेगाना : ललितपुर उ.म.न.पा.१२, ललितपुर<br>बाबु : राजु खान<br>बाजे : ट्राफ खान<br>ना.प्र.नं.: २८-०१-०६५-००३९६/ललितपुर<br>जारी मिति : २०६५-०१-३१  |
| ८ | नाम : राज कुमार कलवाँर<br>ठेगाना : विरगंज उ.म.न.पा. १३ पर्सा<br>बाबु : विजय प्रसाद कलवाँर<br>बाजे : जगत प्रसाद कलवाँर<br>ना.प्र.नं.: ३४१०२२/७४,/ पर्सा<br>जारी मिति : २०६३/१२/१४  | नाम : कविता चौधरी<br>ठेगाना : जलेश्वर नगर ०२, महोत्तरी<br>बाबु : राम सिकिल चौधरी<br>बाजे : उदित चौधरी<br>ना.प्र.नं.: ३९२३५०७१/ महोत्तरी<br>जारी मिति : २०५१/०३/२०  |
| ९ | नाम : शिव बहादुर के.सी.<br>ठेगाना : वाँदीकोट गा.वि.स. ०१, प्युठान<br>बाबु : डुक बहादुर खत्री<br>बाजे : वेगम बहादुर खत्री<br>ना.प्र.नं.: ५३-०१-७२-०२०३९, प्युठान<br>जारी मिति : २०७७-०५-०९  | नाम : मन्जु के.सी.<br>ठेगाना : झिमरुक गा.पा. ०३, प्युठान<br>बाबु : टिका बहादुर खत्री<br>बाजे : चेत बहादुर खत्री<br>ना.प्र.नं.: ५३-०१-७४-०४४४२, प्युठान<br>जारी मिति : २०७४-११-२१  |
| १० | नाम : राजकुमार ठकुरी<br>ठेगाना : ठोरी गा.वि.स.०९, पर्सा<br>बाबु : कृष्ण बहादुर ठकुरी<br>बाजे : राम बहादुर ठकुरी<br>ना.प्र.नं.: १९८५५, पर्सा<br>जारी मिति : २०६२-०८-०२  | नाम : पूजाँ ठकुरी<br>ठेगाना : स्वारी गा.वि.स.०८, गोरखा<br>बाबु : क्षेत्र बहादुर गुरुङ<br>बाजे : लाल बहादुर गुरुङ<br>ना.प्र.नं.: (विवाह दर्ता नं.घठ, ठोरी पर्सा)<br>जारी मिति : २०६५/०५/१७ (विवाह दर्ता भएको)  |
| ११ | नाम : जय कुमार सिंह<br>ठेगाना : भंगहा गा.वि.स. ०७, महोत्तरी<br>बाबु : नुजु सिंह थारु<br>बाजे : ढाका सिंह<br>ना.प्र.नं.: १२७२६४५,/महोत्तरी<br>जारी मिति : २०५९/१२/२३  | नाम : गंगा कुमारी चौधरी<br>ठेगाना : भंगहा गा.वि.स. ०७, महोत्तरी<br>बाबु : जीवन चौधरी थारु<br>बाजे : भरुखा थारु<br>ना.प्र.नं.: १८-०१-७१-०३६२६/ महोत्तरी<br>जारी मिति : २०६९/०६/१२  |
| १२ | नाम : रिता थापा मगर<br>ठेगाना : धापाखेल गा.वि.स.०९, ललितपुर<br>बाबु : ओम बहादुर थापा मगर<br>बाजे : खड्ग बहादुर थापा मगर<br>ना.प्र.नं.: २५३००१/१७३०, ललितपुर<br>जारी मिति : २०६३/११/२५  | नाम : गिता थापा मगर<br>ठेगाना : ललितपुर उ.म.न.पा.२५, ललितपुर<br>बाबु : हिरा बहादुर थापा मगर<br>बाजे : गणेश थापा मगर<br>ना.प्र.नं.: १२२२, ललितपुर<br>जारी मिति : २०३४-११-२९  |
| १३ | नाम : रविना मुक्तान<br>ठेगाना : हेटौडा उ.म.न.पा. १२, मकवानपुर<br>बाबु : रमेश खड्गी<br>बाजे : मान बहादुर खड्गी<br>ना.प्र.नं.: ३१-०१-७५-०७५८३/मकवानपुर<br>जारी मिति : २०७५-०८-०४  | नाम : राजेश मुक्तान<br>ठेगाना : पदमपोखरी गा.वि.स. ०८, मकवानपुर<br>बाबु : राम बहादुर मुक्तान<br>बाजे : बुद्धि बहादुर मुक्तान<br>ना.प्र.नं.: ३११०२१/९०५०७ /मकवानपुर<br>जारी मिति :  |

# प्रभाव दैनिक

आइतबार, ०२ कात्तिक २०८२ (Sunday, 19 October 2025)





## कवि अधिकारी सम्मानित

कवि तथा गीतकार दिनेश अधिकारी सम्मानित भएका छने । कवि अधिकारीको लेखन यात्राको स्वर्ण वर्षका अवसर पारेर 'नझरेका फूलहरू' संस्थाले उनलाई मोरङको बेलबारीमा सम्मान गरेको हो । कार्यक्रममा कवि हेमन यात्री, देवान किराँती, पूरन याक्खा, अस्मिता बिष्ट, भरत वर्वरिक, रेखा सुवेदीलगायतले कवि अधिकारीको हालै प्रकाशित कविता संग्रह 'पानीको परेड'बाट कवितावाचन गरेका थिए । कवि मनु मन्जिलले कवि अधिकारी आफ्नो पुस्ताका अग्रणी कवि र गीतकार भएको उल्लेख गरे ।





# च्याब्रुङको गीतको कथाले बन्यो 'जारी २'

■ प्रभाव संवाददाता

**काठमाडौं** – कवि तथा कथाकार उपेन्द्र सुब्बाले नेपाली चलचित्रमा 'कबड्डी' शृंखलामार्फत कथा तथा पटकथा लेखनमा प्रवेश गरे । निर्देशक रामबाबु गुरुङले निर्देशन गर्नुभएको अधिकांश चलचित्रमा उनले लेखनमा सहकार्य गरे । साथै छायांकनमा समेत सहभागी भए ।

कथामा लेखिएका शब्दलाई दृश्यमा उतार्ने अभ्यासलाई उनले नजिकबाट नियाल्ने अवसर प्राप्त गरे । फलत : निर्देशक सुब्बाले लिम्बू समुदायको कथामा चलचित्र निर्माण गर्ने निर्णय गर्दै निर्देशन गर्ने हिम्मत पनि गरे । त्यसैको परिणामत: उहाँको पहिलो निर्देशकीय चलचित्र 'जारी' व्यावसायिक रूपमा सफल भयो ।

'मलाई जारीको कथा पर्दामा उतार्न मन थियो । किनकि म त्यसलाई मायाको भावमा व्यक्त गर्न चाहन्थे । सोही कारण म निर्देशक बनेँ', निर्देशक सुब्बाले भने ।

दोस्रो चलचित्र 'मनसरा' निर्देशन गरेका उनले तेस्रो चलचित्र 'जारी २' निर्देशन गरेका छन् । 'जारी' कै शृंखलालाई निरन्तरता दिएका निर्देशक सुब्बाले यसपटक जारीसँगै च्याब्रुङको कथालाई जोडेका छन् । त्यसो त उनले 'जारी'को शृंखलालाई अगाडि नबढाउने घोषणा गरेका थिए । तर, सोही समुदायको कथा समेटिएपछि आफ्नै अडान छाडे ।

'मैले 'जारी' लाई शृंखलाबद्ध रूपमा अगाडि नबढाउन चाहेको हो, तर च्याब्रुङको गीतको कथा आएपछि निरन्तरता दिएँ । साथीहरूसँग सल्लाह माग्दा पनि दोस्रो भाग बनाउँदा हुन्छ भन्ने सल्लाह पाएँ । म आफ्नै अडानबाट पछि हटेँ, उनले भने । आगामी कात्तिक २१ गते प्रदर्शन हुने चलचित्र 'जारी २ : सङ अफ च्याब्रुङ' मा समय बदलिए पनि उही समाज र संस्कृति छ । उही पात्र छन् तर 'जारी' मा देखाइएको समय भन्दा सात वर्ष बितिसकेको छ । यसका साथै पहिलो भागमा देखिएका कलाकार मध्येका एक विजय बराल दोस्रो भागसम्म आउँदा 'पूर्णबहादुरको सारङ्गी' का कारण आफ्नो लोकप्रियता बढाइसकेका छन् । तर, यस्ता कुराको दबाब निर्देशक सुब्बाले आफ्नो लेखनमा पर्न दिएका छैनन् ।

'अभिनेता बरालसँग सहकार्य गरेको धेरै भईसक्यो, र उहाँ पनि सरल हुनुहुन्छ । त्यसकारण मैले उहाँको लोकप्रियतालाई पात्रमा हाबी हुन दिएको छैन । मैले यसपटक पनि राम्रो र सरल चलचित्र बनाउने कोसिस गरेको छु, पहिलो भागको व्यावसायिक दबाब लिएको छैन । मैले आफूमा लेखक र निर्देशकलाई मात्र हावी हुन् दिएँ । त्यहाँ निर्माताको केही चलेन', निर्देशक सुब्बाले भने ।

आगामी दिनमा उनी 'जारी' नाम राखेर शृंखलालाई अगाडि नबढाउने सोचमा हुनहुन्छ, तर नबनाउने भनेर घोषणा गर्न सकेका छैनन् । किनकि सोही नाममा चलचित्र आउँदा त्यसले लोकप्रियतासँगै व्यावसयिक लाभ पनि प्राप्त गर्छ । तर, यस्ता कार्यले सर्जकको सिर्जनामा भने ह्रास ल्याउने उनको बुझाइ छ ।

'हामीले नयाँ सिर्जना गर्न सकेनौँ भने वा एउटै सिर्जनालाई तन्काउँदै लग्यौँ भने त्यसले अल्छी बनाउँछ । सर्जक अल्छी भयो भने त्यसको असर सिर्जनामा पर्छ । त्यस्तो हुन् नदिन मैले सक्दो मेहनत गरेको छु । यसअघिका सफलता बिर्सेर नयाँले झैँ काम गरेको छु, किनकि मेहनतले नै सफलताको नजिक पुऱ्याउँछ', उनले भने ।

निर्देशक सुब्बा चलचित्र लेखनसँगै साहित्यतर्फ पनि प्रसिद्ध छन् । एक हिसाबले उनी साहित्य र चलचित्रको पुल जस्तै छन् । साहित्यकारले हेर्दा चलचित्रलाई कस्तो देख्छ त ? उनले दुवै तर्फको भनाई बुझेर आफ्नो भाष्य बनाएका छन् । 'साहित्यको आँखाले चलचित्र हेर्दा समाजको कथा व्यक्त गर्ने शैली र पात्र निर्माणसँगै विम्ब निकै कम प्रयोग भएको जस्तो लाग्छ', उनले भने, 'यद्यपि थुप्रै साहित्यकारले चलचित्र हेर्ने गरेका छन् । तसर्थ साहित्यमा चलचित्रको प्रभाव छ, तर चलचित्रमा साहित्य कमजोर छ ।'

उनको आगामी चलचित्रमा दयाहाङ राई, विजय बराल, मिरुना मगर, ऋचा शर्मा, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, मानहाङ लावती, विष्णु मोक्तान, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बु, बेदना राई र सिर्जना निङ्लेखुलगायतका कलाकारले अभिनय गरेका छन् ।

# प्रहरी दिवसमा हास्य कलाकार केसीलाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरीको ७० औं स्थापना दिवसको अवसरमा हास्य कलाकार किरण केसी 'राता मकै' लाई सम्मान गरिएको छ । नक्सालस्थित प्रहरी मुख्यालयमा शुक्रबार आयोजित समारोहमा आईजीपी चन्द्रकुबेर खापुङले केसीलाई प्रशंसा पत्र प्रदान गरेका हुन् ।

जेनजी प्रदर्शनको क्रममा उच्छृंखल समूहले आगजनी गरेको प्रहरी वृत्त सातदोबाटो, ट्राफिक प्रहरी परिसर सात दोबाटो र प्रहरी प्रभाग इमाडोलको पुनर्निमाणको नेतृत्व हास्य कलाकार केसीले गरेका थिए । प्रहरी दिवसको अवसरमा आफूलाई सम्मान गरेकोमा केसीले प्रहरीको नेतृत्वलाई धन्यवाद दिएका छन् । उनले भने, 'भवन निर्माणको श्रेय कार्यसमिति सदस्य र पवित्र मन भएका सङ्घ संस्थालाई दिन चाहन्छु, प्रहरीलाई धेरै धेरै धन्यवाद ।'

सातदोबाटोस्थित ट्राफिक प्रहरीका कार्यालय ९९ प्रतिशत सम्पन्न भएको र सात दोबाटो वृत्तको पुनर्निमाणको काम करिब ५ प्रतिशत बाँकी रहेको केसीले बताए । उनले भने- 'जनता र प्रहरीको सहकार्य भयो भने सेवा सहज बनाउन सकिन्छ भन्ने उदाहरण यो पुनर्निमाणले देखाएको छ ।' ३ वटै भवन निर्माण समितिको अध्यक्ष केसी हुन् । यसभन्दा पहिले भवन निर्माणको बेलामा पनि कलाकार केसीले नेतृत्वदायी भूमिका निर्वाह गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।


**नेपाली सेना कृषि विज्ञान संस्थान, बगालेगाउँ लमजुङ**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. NAWF/NAIAS/RATION/LMG/2082/83/10**

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०७/०२ गते)

१. यस संस्थानको लागि आ.व. २०८२/८३ मा निम्न अनुसारको खरिद कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त इच्छुक फर्महरूले e-Gp System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुंदा विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८२/०७/१७ गतेको १२:०० बजेभित्र र बोलपत्र खोलुवा मिति सोही दिनको १३:०० बजे ।

३. बोलपत्रको विवरण

| सि. नं. | बजेट शिर्षक | कामको विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | जमानत रकम रू. | बोलपत्र फाराम दस्तूर |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी आहार | पशुपंक्षीहरूको लागि दाना तथा आहार खरिद | १३,८५,७९८.९३ | ४५,०००.०० | १०००.०० |


रंगशाला

# राष्ट्रिय टिममा अनिलको पुनरागमन

■ प्रभाव संवाददाता

**काठमाडौं–** विकेटकिपर तथा ब्याटर अनिलकुमार साह र बलर शाहब आलमले नेपाली राष्ट्रिय क्रिकेट टोलीमा पुनरागमन गरेका छन् । नेपाल क्रिकेट संघ (क्यान)ले आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत घरेलु टोली यूएई र अमेरिकाबीच हुने त्रिकोणात्मक सिरिजका लागि यी दुई खेलाडीलाई पुनरागमन गराएको हो ।

दुबई अन्तर्राष्ट्रिय रंगशालामा सिरिज आगामी २६ अक्टोबरदेखि सुरु हुनेछ । अक्टोबर २६ मा नेपाल र अमेरिका प्रतिस्पर्धा गर्नेछन् । यी दुई खेलाडी आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोट खेलेको टोलीमा थिएनन् ।

आलम दुबईमै टेस्ट टोली वेस्ट इन्डिजसँग भएको टी-२० आई सिरिज हुँदा टोलीमा थिए । तर, अनिलले लामो समयपछि टोलीमा पुनरागमन गरेका हुन् ।

अनिलले अन्तिमपल्ट गत जुन १७ मा ग्लासगोमा घरेलु टोली स्कटल्यान्डविरुद्ध टी-२० आई खेल खेलेका थिए । त्यसयता उनी चोटका कारण टोली बाहिर थिए । विश्वकप छनोट खेल्नुअघि वेस्ट इन्डिजसँगको खेलका लागि क्याम्पमा स्थान बनाए पनि अन्तिम टोलीमा अटाउन सकेका थिएनन् ।

पछिल्लो समय उनले लगातार खराब प्रदर्शन गर्दै आएका छन् । ग्लासगोमा नेदरल्यान्ड्स र स्कटल्यान्डसँगको भएको सिरिजका तीन खेलमा उनले मात्रै ६ रन जोडेका थिए । छनोट जितेर अर्को वर्ष भारत र श्रीलंकामा हुने टी-२० विश्वकपमा पुगेको नेपाली टोली ओमानबाटै दुबई जानेछ ।

नेपालले ३० अक्टोबरमा यूएईसँग खेल्नेछ । त्यसपछि १ नोभेम्बरमा अमेरिकासँग दोस्रो खेल खेल्नेछ । ५ नोभेम्बरमा यूएईसँग अन्तिम खेल खेलेपछि नेपाली टोली स्वदेश फर्कनेछ । लिग-२ मा १६ खेल खेल्दा १२ अंक मात्र जोडेको नेपाल सातौं स्थानमा छ । दोस्रो स्थानको अमेरिकाको २० खेलबाट २८ अंक छ भने यूएई ६ अंकसहित आठौं स्थानमा छ ।


**साल गोलिया काठ बिक्री सम्बन्धि सुचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०७/०२**

यस सामुदायिक वनबाट आर्थिक वर्ष २०८१/८२ मा डिभिजन वन कार्यालय त्रिवेणीको कटान आदेशानुसार बिधिवत रूपमा कटान मुछान गरि समूहको घाटगद्दी कटारी न.पा. ७ मर्जेतपुरमा रहेको साल गोलिया थान १८९ को १९२०.३२ क्यू.फि. काठ समूह बाहिर बिक्री गर्नुपर्ने भएकोले काठ खरिद बिक्री गर्न दर्ता भएको संस्था/चिरान स:मिलहरूले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरि दाखिला गर्न सुचना प्रकाशन गरिएको हो । पूर्ण व्यहोराको सुचना समूहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ ।

**सरस्वती सामुदायिक वन उपभोक्ता समूह,**
**कटारी न.पा. ७ उदयपुर**



**Putha Uttarganga Rural Municipality**

**Office Of The Rural Municipal Executive**

**Takasera,Rukum (East)**

**Lumbini Province,Nepal**

**Invitation Of Bids**

**(First Date Of Publication: B.S 2082/07/02) ( A.D 2025/10/19)**

1. Putha Uttarganga Rural Municipality, Rukum (East) invites bids from eligible bidders for the following construction works:

| Contract No. | Description of works | Estimate Amount (Without Vat But With PS ) (NRs.) | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) | Last Date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|
| EGP/PURMO/NCB/SCL/ WORKS/BUIL/2082/83-06 | Construction of Eight Roomed School Building Including Toilet At Hukam of Shree Deuarali Madhyamik Bidhalaya at Hukam-05 | Nrs: 12685079.52 | Nrs: 368000 | Nrs:3000 | 2082/08/03 (2025/11/19) 12:00 Hours | 2082/08/03 (2025/11/19) 13:00 Hours Pm |
| EGP/PURMO/NCB/HPB/ WORKS/BUIL/2082/83-07 | Construction of Health Post Building at Taka-Shera-10 | Nrs: 2605435.49 | Nrs:276000 | | | |
| EGP/PURMO/NCB/GS/ WORKS/ROADS/2082/083-10 | Excavation For Roadway Construction of Gara Risalla -05 | Nrs: 2580127.43 | Nrs:74000 | | | |
| EGP/PURMO/NCB/KDB/ WORKS/ROADS/2082/83-11 | Excavation For Roadway Construction Of Kol-Dalit Basti Connecting Barahthan -12 | Nrs: 2151656.29 | Nrs:63000 | | | |
| EGP/PURMO/NCB/NPG/ WORKS/ROADS/2082/83-12 | Excavation For Roadway Construction Of Ningaru-Phalnai Coneeting Garkhani -12 | Nrs: 2150998.824 | Nrs:63000 | | | |
| EGP/PURMO/NCB/GF/ WORKS/2082/83-13 | Construction of Gate and fencing work at Shree janjyoti Aaddhabhut Bidhalaya-04 Ghunma | Nrs: . 2225388.32 | Nrs:65000 | | | |

2. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:

α. **Bid Document Fee:** GA 1.1 Aantarik Rajaswa Khata (01415359946) – Siddartha Bank, Putha Uttarganga Branch

β. **Bid Security:** GA 03 Dharauti Khata (01415220470) Siddartha Bank, Putha Uttarganga Branch

3. **Bid Submission:** Online only via PPMO e-GP.

4. **Regulations:** Public Procurement Act 2063 & Regulation 2064 (with amendments). Amendments will be published on PPMO's e-GP portalhttps://www.bolpatra.gov.np/egp/ and the office notice board.

5. Putha Uttarganga Rural Municipality ,Rukum (East) reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

ट्रम्प र जेलन्स्कीबीच भेटवार्ता

# युद्ध रोक्न र शान्ति स्थापना गर्न आग्रह



**वासिङ्टन–** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलन्स्कीसँग व्हाइटहाउसमा लामो भेटवार्तापछि युक्रेन र रसियालाई हालको सीमारेखामा युद्ध तुरुन्त रोक्न र त्यसलाई अन्त्य गर्न आग्रह गरेका छन् ।

उनले सामाजिक सञ्जालमा लेख्दै भने, 'धेरै रगत बगिसकेको छ, अब दुवै पक्षले जितेको दाबी गर्न सक्छन्, तर इतिहासले त्यस निर्णय गर्ने छ,' ट्रम्पले थपे, 'तपाईंहरू जहाँ हुनुहुन्छ, त्यहीँ रोकिनुहोस्, आफ्ना परिवारमा फर्कनुहोस् र शान्ति कायम राख्नुहोस् ।' यसअघि केही हप्ताअघि ट्रम्पले युक्रेनले रसियाबाट कब्जा गरेको सम्पूर्ण भूभाग फिर्ता लिन सक्ने विश्वास व्यक्त गरेका थिए, तर हालको अभिव्यक्तिले उनको दृष्टिकोणमा केही परिमार्जन आएको देखिन्छ ।

जेलन्स्कीले भने, 'अहिले नै युद्ध रोकिनु आवश्यक छ र त्यसपछि वार्ता अगाडि बढाउनुपर्छ,' तर ट्रम्पले युक्रेनलाई भूभाग फिर्ता दिन दबाब दिएकोसम्बन्धी प्रश्नमा उनले स्पष्ट जवाफ दिन सकेनन् ।

ट्रम्पले रसियाका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको टेलिफोन वार्तापछि युक्रेनलाई लामो दूरीका टोमाहक मिसाइल उपलब्ध गराउने विषयमा केही अनिच्छा देखाएका छन् । यी मिसाइलले युक्रेनी सेनालाई रसियाको भित्री क्षेत्रमा लक्षित गर्न सक्षम बनाउने विश्वास गरिएको छ । पुटिनले यस विषयमा अमेरिकासँगको सम्बन्धमा असर पर्ने चेतावनी समेत दिएका छन् ।

ट्रम्पले भने, 'हामीसँग आवश्यक मिसाइल भण्डार हुनु जरूरी छ, किनभने कहिले पनि युद्धको अवस्था आउन सक्छ, तर हामी चाहन्छौं कि युद्ध सकिएपछि मिसाइल आवश्यक नपरोस् ।'

ट्रम्पले आगामी हंगेरीमा हुने बैठकमा पुटिन र जेलन्स्की दुवैलाई भेट्ने सम्भावना रहेको संकेत गरे, भने जेलन्स्कीले पुटिन युक्रेनमाथि आक्रमण गरिरहेका छन् र शान्ति चाहँदैनन् भनी उल्लेख गरेका छन् । *रासस/एपी*

# रूसको रासायनिक कारखानामा विष्फोट, तीन जनाको मृत्यु

**मस्को–** दक्षिणी रूसको रासायनिक कारखानामा भएको विष्फोटमा तीन जनाको मृत्यु भएको क्षेत्रीय गभर्नर रेडी खाबिरोभले शनिबार बताएका छन् । उनले विष्फोटको कारण पत्ता नलागेको तथा विशेषज्ञहरूद्वारा अनुसन्धान भइरहेको बताएका छन् । बास्कोर्तोस्तान क्षेत्रको स्टर्लिटामाकमा अवस्थित उक्त कारखानाले युक्रेनमा रूसी युद्धका लागि हतियार र गोलाबारुद उत्पादन गर्ने गरेको रूसी सञ्चारमाध्यमले जनाएका छन् ।

युक्रेनी ड्रोनले एक महिनाअघि एउटा प्रमुख तेल प्रशोधन केन्द्रलाई निशाना बनाएर सोही क्षेत्रमा आक्रमण गरेको थियो । बस्कोर्तोस्तानका गभर्नर खाबिरोभले टेलिग्राममार्फत रासायनिक कारखानामा भएको हिंसात्मक विष्फोटले एउटा भवन ध्वस्त पार्नुका साथै तीन महिलाको मृत्यु भएको बताएका हुन् । उनले विष्फोटका कारण घाइते भएका अन्य पाँच जनालाई अस्पतालमा भर्ना गरिएको जसमध्ये दुई जनाको अवस्था गम्भीर भएको बताएका छन् । कारखानाले रूसका लागि आवश्यक विष्फोटक सामग्रीहरू उत्पादन र वितरण गर्ने गरेको खबिरोभले पुष्टि गरेका छन् ।

सेप्टेम्बर-१८ मा युक्रेनी ड्रोनहरूले राज्य नियन्त्रित विशाल ग्याजप्रोमद्वारा सञ्चालित बास्कोर्तोस्तान तेल प्रशोधन केन्द्रमा आक्रमण गर्दा किभ प्रतिआक्रमणको एक भागको रूपमा सेनाको कोषका लागि प्रयोग गरिएको रूसी ऊर्जालाई लक्षित गरेको जनाइएको छ । *रासस/एएफपी*


**कम्पनीको नाम परिवर्तन गरिएको सार्वजनिक सूचना**

मिति २०८२।०५।३० मा सम्पन्न कम्पनीको वार्षिक साधारण सभावाट यस कम्पनीको साविकको नाम प्रकाश सोलुसन प्राइभेट लिमिटेड **(Prakash Solution Private Limited)** लाई परिवर्तन गरी सुपर पालुङ्ग हाइड्रोपावर प्राइभेट लिमिटेड **(Super Palung Hydropower Private Limited)** कायम गर्ने निर्णय श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०८२।०६।०८ मा अभिलेख समेत भई उक्त परिवर्तित नाम कार्यान्वयनमा आएको हुँदा साबिक प्रकाश सोलुसन प्राइभेट लिमिटेडको नामबाट सिर्जना भएको सम्पूर्ण चल अचल सम्पत्ती तथा दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोरा नियमनकारी निकाय तथा समस्त सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रकाश सोलुसन प्राइभेट लिमिटेड**
का.म.न.पा. १०, बुद्धनगर, काठमाण्डौ


# चीनमा जेनेरेटिभ एआई प्रयोगकर्ताको संख्या दोब्बर

**बेइजिङ–** चीनमा जेनेरेटिभ कृत्रिम बौद्धिकता (एआई) प्रविधिको प्रयोग तीव्र गतिमा बढिरहेको छ । सन् २०२५ को जुन महिनासम्म ५० करोडभन्दा बढी मानिसले यो प्रविधि प्रयोग गरिरहेको चीन इन्टरनेट सञ्जाल सूचना केन्द्र (सिएनएनआइसी) द्वारा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार, पछिल्ला छ महिनाभित्रमात्रै करिब २६ करोड ६० लाख नयाँ प्रयोगकर्ता थपिएका छन् । सन् २०२४ को अन्त्यमा २४ करोड ९० लाख प्रयोगकर्ता रहेका थिए भने अहिले यो संख्या बढेर ५१ करोड ५० लाख पुगेको हो ।

यो वृद्धिसँगै चीनमा जेनेरेटिभ एआई प्रविधिको प्रयोग दर ३६.५ प्रतिशत पुगेको जनाइएको छ । यसले प्रविधिप्रति जनताको चासो र पहुँच द्रुत रूपमा फैलिएको संकेत गर्छ । विशेषज्ञहरूका अनुसार यस्तो प्रविधिले शिक्षा, व्यापार, सञ्चार तथा मनोरञ्जनका क्षेत्रहरूमा महत्त्वपूर्ण परिवर्तन ल्याइरहेको छ । *रासस/सिन्हुवा*


# Gramthan Rural Municipality

**Office of Rural Municipal Executive**

**Tetariya, Morang**

**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2082/07/02**

1. Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/WORKS/05-082-083 | Wada no 2 Bibhinna Sadak Kalopatre | 5999280.17 | 3000 | 1,00,000 | |

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | उत्खनन् योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत |
|---|---|---|---|---|---|---|---|
| १. | G.R/NCB/ Internal/ 06-082-083 | लोहन्द्रा खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्ने कार्य | ग्रामथान गा.पा. लोहन्द्रा खोलाको संयुक्त IEE मा तोकिएका नाकाहरू | १५,२५,२७५।४४ | १,२२,०२,२०३।५२ | ३०००।- | कवोल अंकको ०५% |

https://www.bolpatra.gov.np/

# Sunkoshi Rural Municipality

**Office of Rural Municipal Executive**

**Mulkharkha, Okhaldhunga**

## NOTICE OF INVITATION FOR BIDS

**Date of Notice Publication : (19th Oct. 2025) 2082/07/02 BS**

1. Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga invites electronic bids from eligible Nepalese bidders for the following works.

| S. N. | Contract no. | Name of Contract | Estimated Amount (without VAT,Contingency & PS) | Bid security Amount | Bid Fee Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 04/NCB/RCWORKS/ SRM/082/83 | Phalate Bhanjyang Sisneri Thulme Sadak | 44,98,175.27 | 1,27,500 | 3,000 | |
| 2. | 05/NCB/BCWORKS/ SRM/082/83 | Aapaswara Chyanam Mulkharkha Hudai Phalate Bhanjyang Sadak | 98,54,896.63 | 2,79,000 | 3,000 | |
| 3. | 06/NCB/INTBLOCK WORKS/SRM/082/83 | Chautara Madyamik Bidhyalaya Dandakharkha Assembly Ground Dhalan(Multicolour Interlock Block) | 16,42,347.43 | 47,000 | 1,000 | |

| | |
|---|---|
| Date & Time for Deadline for Bid Submission | 2082/08/02 BS (2025/11/18 AD) till 12:00 noon |
| Date,Time & Place of Pre-Bid Meeting | 2082/07/21 BS (2025/11/07 AD) 07:00 AM at Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga |
| Date,Time & Place of Bid Opening | 2082/08/02 BS (2025/11/18 AD) 14:00 hours at Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga |
| For Bid Fee | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account name:: SUN GA. PA. AANTARIK RAJASWO GA-1.1<br>Account no. : 0950073610000031<br>Rajaswa (Internal revenue) Shirshak no. : 14229<br>Office Code no.: 801011008 |
| For Bid Security | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account name:: SUNKOSHI GA.PA.DHARAUTI GA-3<br>Account no. : 0950073610000045<br>Rajaswa (Internal revenue) Shirshak no. : 14229<br>Office Code no.: 801011008 |

2. Eligible Bidders may obtain further information at Office of Sunkoshi Rural Municipality, Office of Rural, Municipal, Mulkharka, Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np/egp
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website:www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The Employer reserves the right to accept or reject,wholly or partly. The employer reserves the right to accept or reject,wholly or party any reason,whatever.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | २५८००० | ० | ३३५० |



**मखमलीको माला उन्ने चटारो** | घरघरमै व्यापारी र बिचौलिया मखमली फूलको माला र सयपत्री फूल लिन आउन थालेपछि पुष्प व्यवसायीलाई सहज हुँदै । विशेषगरी भाइटीका लागि चाहिने यस फूलको माला बुन्न व्यवसायीहरूलाई भ्याइनभ्याई छ । भीड बढेसँगै तिहारको संघारमा फूल र मालाको मूल्य वृद्धि भएपछि उपभोक्ता भने मारमा परेका छन् । *तस्बिरः रमेश गिरी/रासस*

# पाइपलाइनबाट साढे ६ अर्ब लिटर पेट्रोलियम आयात

■ **अशोक घिमिरे**

▸▸ अमलेखगञ्जमा भण्डारण क्षमता विस्तार गरी १७ हजार ५०० किलोलिटर पेट्रोल, २७ हजार ५०० किलोलिटर डिजेल र दुई हजार २०० किलोलिटर म ितेल राख्न सकिने बनाइएको छ । अमलेगञ्ज डिपो नेपालको सबैभन्दा ठूलो र अत्याधुनिक रहेको छ । पूराना र नयाँ गरी अमलेखगन्जमा ९४ हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने भएको छ ।

**काठमाडौं–** नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइपलाइन परियोजना सञ्चालनमा आएको छ वर्ष पूरा भएको छ । भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म रहेको पाइपलाइन सञ्चालन भएयता छ अर्ब ३४ करोड ९२ लाख लिटर पेट्रोलियम पदार्थ पाइपलाइनबाट आयात भएको नेपाल आयल निगमको मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ ।

पाइपलाइनबाट हालसम्म छ अर्ब १४ करोड ३५ लाख लिटर डिजेल, २० करोड १५ लाख लिटर पेट्रोल र ४१  लाख लिटर मट्टितेल आयात भएको प्रादेशिक प्रमुख प्रलयङ्कर आचार्यले जानकारी दिए । अहिले मोतिहारीबाट पाइपलाइनमार्फत अमलेखगञ्जसम्म पेट्रोल, डिजेल र मट्टितेल आयात भइरहेको छ । विसं २०७६ भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले सो परियोजनाको संयुक्त रूपमा उद्घाटन गरेका थिए ।

सोही दिनदेखि नै पाइपलाइनबाट डिजेल आयात भइरहेको छ । यस्तै २०८१ असोज २४ देखि पेट्रोल र २०८१ मङ्सिर १९ गतेदेखि मट्टितेल पाइपलाइनबाट ल्याउन थालिएको हो । दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन परियोजनाको कूल लम्बाइ ६९ दशमलव दुई किलोमिटर छ । यसमध्ये भारततर्फ ३३ किलोमिटर र नेपालतर्फ ३६ दशमलव दुई किलोमिटर छ ।

पेट्रोल, डिजेल र मट्टितेल आयात गर्न सकिने गरी 'मल्टी प्रोडक्ट पाइपलाइन' निर्माण गरिएको छ । पाइपलाइनबाट आयातित पेट्रोलियम पदार्थले नेपालको करिब ७० प्रतिशत माग पूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट काठमाडौं, विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगञ्ज, जनकपुरस्थिति डिपोमा इन्धन आपूर्ति हुँदै आएको छ । अमलेखगञ्जबाट स्थानीयस्तरका पम्पका लागि पनि पेट्रोलिमय पदार्थ बिक्रीवितरण हुँदै आएको छ ।

'नेपालको खपतको ७० प्रतिशत पेट्रोलियम पदार्थ अमलेखगञ्जबाटै आपूर्ति हुन्छ', प्रमुख आचार्यले भने । पाइपलाइनबाट दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगञ्ज ल्याउन सकिन्छ । तर पेट्रोलियम पदार्थको माग नबढेकाले पूर्ण क्षमतामा पाइपलाइन सञ्चालन हुने अवस्था बनेको छैन । 'दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयत गर्नुपर्ने अवस्थामा निगम पुगेको छैन', प्रमुख आचार्यले भने ।

पेट्रोलियम पाइपलाइन परियोजनाको पहिलो चरणअन्तर्गत भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म पाइपलाई बिच्छ्याइएको थियो । दोस्रो चरणमा अमलेखगञ्जमा पेट्रोलियम भण्डारण क्षमता अभिवृद्धिसँगै 'अटोमेसन'को काम सम्पन्न गरिएको हो । पाइपलाइन परियोजनाको दोस्रो चरणअन्तर्गत डिपोमा पेट्रोल, डिजेल र मट्टिटेल भण्डारणका लागि चार वटा नयाँ 'भर्टिकल ट्याांक' निर्माण गरिएको छ । पाइपलाइनबाट ल्याइएका पेट्रोलियम पदार्थको शुद्धता कायम राख्न दुई वटा ट्रान्समिक्स ट्र्यांक, अग्नि नियन्त्रण प्रणालीको व्यवस्था गरिएको छ ।

अमलेखगञ्जमा भण्डारण क्षमता विस्तार गरी १७ हजार ५०० किलोलिटर पेट्रोल, २७ हजार ५०० किलोलिटर डिजेल र दुई हजार २०० किलोलिटर मट्टितेल राख्न सकिने बनाइएको छ । अमलेगञ्ज डिपो नेपालको सबैभन्दा ठूलो र अत्याधुनिक रहेको छ । पूराना र नयाँ गरी अमलेखगन्जमा ९४ हजार किलोलिटर पेट्रोलियम पदार्थ भण्डारण गर्न सकिने भएको छ ।

मुलुकमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र वितरण प्रणालीलाई सुनिश्चित गर्न विसं २०३० मा अमलेखगञ्ज डिपोको निर्माण सुरु गरिएको थियो । करिब ६७ हजार सात सय २४ वर्गमिटरमा फैलिएको सो डिपो निर्माण सम्पन्न गरी २०३३ माघबाट सञ्चालनमा आएको थियो । देशकै सबैभन्दा ठूलो डिपोका रूपमा रहेको छ ।

अमलेखगन्जस्थित डिपोमा हाल १५ हजार ११० किलोलिटर पेट्रोल, २४ हजार ८१० किलोलिटर डिजेल र दुई हजार २७० किलोकिलटर मट्टितेलको भण्डारण क्षमता रहेको छ । सरकारले सातै प्रदेशमा कम्तीमा तीन महिनाको माग धान्न सक्ने गरी भण्डारण क्षमता विस्तारको योजना अघि सारेको छ । सोही योजनाअनुसार निगमले अहिले विभिन्न प्रदेशमा भण्डारण क्षमता विस्तारका कार्यक्रम अघि बढाइरहेको छ ।

पेट्रोलियम पाइपलाइनबाट इन्धन आयात गर्दा सडक मार्गमा आउने अवरोध अन्त्य भएको छ । 'टयांकर दुर्घटनामा पर्नेदेखि सडक मार्गमा आउनसक्ने समस्याको जोखिम कम भएको छ', प्रमुख आचार्यले भने, 'इन्धन चोरी तथा मिसावटको प्रश्न उठ्ने नै भएन ।' पाइपलाइनबाट इन्धन ढुवानी गर्दा वातावरणीय प्रभाव पनि कम पर्ने उनको भनाइ छ ।

पेट्रोलियम पदार्थ ढुवानीका क्रममा लाग्ने ठूलो खर्च पनि जोगिएको छ । पाइपलाइनबाट तेल आउन थालेपछि वार्षिक रु तीन अर्ब ढुवानी खर्च बचत भएको छ । ढुवानी खर्च वचत भएपछि निगमले इन्धनको उपभोक्ता मूल्य पनि घटाएको छ । सिलगुडी-चारआली र अमलेखगञ्ज-लोथर पाइपलाइन राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना

सरकारले सिलगुडी (भारत)-चारलआली (झापा) र अमलेखगञ्ज-लोथर पेट्रोलियम पाइपलाइन र ग्रीन फिल्ड टर्मिनल निर्माण आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तोकी निर्माणको काम अघि बढाएको छ । बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार गर्ने कार्य प्रारम्भ भइसकेको छ । निगमले गत साउन १६ गतेदेखि दोस्रो चरणको पेट्रोलियम पाइपलाइन विस्तारको काम थालेको हो ।

राप्ती नगरपालिका-१ लोथरस्थित करिब २३ विघा १२ कठ्ठा जग्गामा अत्याधुनिक सुविधासहितको ग्रीन फिल्ड टर्मिनल निर्माण गरिनेछ । अमलेखगञ्जदेखि लोथरसम्मको दूरी ६२ किलोमिटरको दूरीमा १० दशमलव ७५ इञ्चको पाइपलाइन बिच्छ्याइने निगमले जनाएको छ ।

उक्त परियोजना तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए । पूर्वपश्चिम राजमार्गको समानान्तर पाइपलाइन निर्माण गरिनेछ । ६२ किलोमिटर लामो पाइपलाइनमा जुनसुकै बेला नियमित रूपले ३२ सय किलोलिटर इन्धन भण्डारण भइरहेको हुनेछ । पाइपलाइनबाट २७३ किलोलिटर प्रतिघन्टाको गतिमा तेल आपूर्ति गर्न सकिनेछ । पाइपलाइनबाट वार्षिक २० मिलियन टन इन्धन ढुवानी गर्न सकिने निगमले जनाएको छ । लोथरमा १६० वर्गमिटरको क्षेत्रफलमा पाइपलाइन स्टेसन निर्माण हुनेछ ।

त्यसस्थानमा पेट्रोल भण्डारणका लागि ११ हजार किलोलिटर क्षमताका तीन वटा भर्टिकल ट्याङ्की निर्माण हुनेछ । यस्तै डिजेल भण्डारणका लागि १५ हजार ५०० किलोलिटर क्षमताका तीन वटा र मट्टितेल भण्डारणका लागि आठ सय किलोलिटर क्षमताका दुई वटा ट्यांकी निर्माण गरिनेछ । *रासस*

# तीन महिनामा १८ प्रतिशत बजेट खर्च

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को सुरुआती तीन महिनामा सरकारले १८ प्रतिशत बजेट खर्च गरेको छ ।




महालेखा नियन्त्रक कार्यालयका अनुसार गत असोज मसान्तसम्ममा रु तीन खर्ब ६४ अर्ब ५८ करोड ९४ लाख अर्थात् वार्षिक विनियोजनको १८ दशमलव ५६ प्रतिशत खर्च भएको हो । चालु आर्थिक वर्षका लागि सरकारले रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको थियो ।

कार्यालयका अनुसार असोज मसान्तसम्ममा चालुगत शीर्षकमा वार्षिक विनियोजनको २१ दशमलव ७५ प्रतिशत अर्थात् रु दुई खर्ब ५६ अर्ब ८० करोड ६० लाख खर्च भएको छ । यस्तै, पुँजीगत शीर्षकमा वार्षिक विनियोजनको चार दशमलव सात प्रतिशत अर्थात् रु १९ अर्ब १८ करोड ३४ लाख र वित्तीय व्यवस्था शीर्षकमा २३ दशमलव ६१ प्रतिशत अर्थात् रु ८८ अर्ब ६० करोड बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारको राजस्व सङ्कलन वार्षिक लक्ष्यको १६ दशमलव ५१ प्रतिशत छ । यस वर्षका लागि सरकारले रु १५ खर्ब ३३ अर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेकामा हालसम्म रु दुई खर्ब ५३ अर्ब १८ करोड ७९ असुली भएको हो ।

आन्तरिक राजस्वतर्फ रू १४ खर्ब ८० अर्ब उठाउने सरकारी लक्ष्य रहेकामा असोज मसान्तसम्ममा वार्षिक लक्ष्यको १६ दशमलव ८३ प्रतिशत अर्थात् रू दुई खर्ब ४९ अर्ब पाँच करोड १४ लाख असुली भएको छ ।

यसैगरी रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान लिने लक्ष्य रहेकामा हालसम्म तीन दशमलव ७६ प्रतिशत अर्थात् रु दुई अर्ब ७२ लाख प्राप्ति भएको छ ।

# रूपन्देहीका किसान फूल खेतीमा आकर्षित

■ **दामोदर खनाल**

**रूपन्देही –** रूपन्देहीका किसानहरू ब्यावसायीक रूपमा फुल खेती गरेर राम्रो आम्दानी लिन थालेका छन् । ब्यावसायीक रूपमा फुल खेती हुनथाले पछि  भारतीय फुलमाला समेत बिस्थापित हुन थालेको छ । तिहार संगै सयपत्री मखमली फूल, मालाले घर आगन, खेतबारी, बगैचा, चोकबजार सजिएका छन् । सयपत्री फूलका सुनौला फूल, मालाले तिहारको माहोललाई झनै मनमोहक बनाईदिएको छ ।

चाडपर्व सँगै विवाह, पुजाआजा, सभा गोष्ठी, स्वागत बिदाई, सम्मानमा फुलमालाको प्रयोग बढेपछि यस क्षेत्रका किसानहरू ब्यावसायिक रूपमा फुल खेतिमा लागेका हुन् । रूपन्देहीमा सामान्य रूपमा  फूलखेतीगर्ने थुप्रै किसानहरू भएपनि करिव एक दर्जन किसानहरू ब्यावसायिक रूपमा पुष्प ब्यवसायमा लागेका छन् ।

ग्रीनजोन एग्रोफर्म ,रूपन्देही शंकरनगरका ईश्वरी भण्डारीले डेढ बिगाह क्षेत्रफलमा तिहार र अन्य कार्यक्रम लक्षित सयपत्री फुल लगाएका छन् । गतबर्ष फूल फूलमाला बेचेर ५ लाख रूपैयाँ हात पारेका उनले यो बर्ष फूलमालाको ब्यापारबाट ५ लाख भन्दा बढि कमाउने लक्ष्य राखेको बताउँछन्  । तिहार लागेसंगै उवको फूल बगैचामा फूल टिप्ने र माला बनाउने केही कामदार थपिएका छन् । फूल ब्यवसायी भण्डारी भन्छन यहाँबाट अरु समयमा पनि बिभिन्न कार्यक्रमका लागि फूलमालाको ब्यापार हुदै आएको छ ।

लामो समयदेखि नर्सरी सञ्चालन र फुल खेती गर्दै आएका गुप्ता नर्सरी रूपन्देहीका सञ्चालक सुरज गुप्ताले आफुहरूले सिजन अनुसार फुल र बिरुवाहरू उत्पादन गर्दै आएको र बजार माग राम्रो भएको बताउँछन् । तिलोत्तमा ड्राईभर टोलको गुप्ता परिवार बुवाको विँडो थाम्दै बिगत ६० बर्षदेखि नर्सरी व्यवसायलाई निरन्तरता दिँदै आएको छ । जहाँ सिजन अनुसार अन्य फूलहरूको बेर्ना तथा गमलासहित फूलहरू पाईन्छ । विभिन्न मेलापर्व, बिबाह, पूजा आजामा फूल र सजावटको काम राम्रो हुने बताउने सुरज गुप्ताले पछिल्लो समय हमेटल, घर तथा गार्ड्नमा ल्याण्ड स्केपिङको कामपनि गर्दै आएका उनले यो पशाबाट राम्रो आम्दानी लिन थालेका छन् ।

उता रूपन्देही मणिग्रामस्थित लुम्बिनी नर्सरीकी सञ्चालिका सबिना पाण्डे तिहार नजिकिए सँगै फुलमाल र फुलका बिरुवाको राम्रो ब्यापार भएको बताउँछिन् । यो पटक तिहार पर्व चाडै परेकाले फूलमालाको मूल्य बिगतका बर्षमा भन्दा केही महंगो हुने उनको भनाई छ ।

यही बर्षबाट फुल खेति सुरु गरेका तिलोत्तमा रूपन्देहीका किसान सुर्यबहादुर सारुले तिहार देखि मंसिर महिना सम्म फुल बिक्रि गर्ने लक्ष्य राखेका छन् । पछिल्लो समय रूपन्देहीमा रहेका केही पालिकाहरूले फूल खेतीगर्ने ब्यवसायीलाई केही रकम समेत उपलब्ध गराउन थालेका कारणले पनि किसानहरू फूलखेती तिर आकर्षित भएका हुन् । हाल सामान्य त प्रतिकिलो फूलको मूल्य ४ सय देखि ५ सय रूपैयाँ पर्दछ भनी माला प्रति गोटा ८० देखि १५० सम्ममा बिक्रि हुने गर्दछ ।

फुल मालाको बजार माग राम्रो भए पनि यो पटक तिहार पर्व कार्तिकको सुरुमै परेकोले प्रर्याप्त मात्रमा फुल नफुल्ने हुदा उपभोक्तालाई फुलमालाको मुल्यबिगतको भन्दा महंगो पर्ने फोकस मल्टी एग्रो कन्सर्नका संचालक राजेश कुवँर बताउँछन् । उनीहरूले ४ बर्ष अगाडीदेखि बुटवल उपमहानगरपालिका ढबाह, चंकिपुरमा १० क/ा क्षेत्रफलमा फुलखेती गर्दै आएका छन् । ४ जना युवा मिलेर फूलखेती गर्दै आएका उनीहरूले सयपत्री, कर्मा ५५५, टनिसबल र मखमली फूल लगाएका छन् । करिव ४ लाख रूपैयाँ आम्दानी हुने उनीहरूकको अनुमान छ । तिहारका लागि रूपन्देहीको बुटवलमा करिब ५० हजार माला आवश्यक पर्ने भएपनि नगरभित्र मात्र १५ हजार माला तयार गर्न सकिने फूल उत्पादन हुने भएकाले अन्य नपुग फूलामला पाल्पा, गुल्मि, अर्घाखाँची स्याङजालगायत ठाउँबाट भित्रिने बताउँछन् ।

रूपन्देही जिल्लामा ब्यावसायिक रूपमा फूलखेती नहुदा सम्म बुटवल भैरहवा लगायत यस आसपासका बजारमा भारतबाट प्रसस्त मात्रामा सयपत्री फूल माला भित्रने गर्दथ्यो ।  हाल यो क्षेत्र करिव करिब फूल मालामा आत्म निर्भर बनेको फूल व्यवसायिहरूको भनाई छ ।

# द क्लिफमा हाइलाइन

**काठमाडौं (प्रस)–** पर्वतको कुस्मा र बाग्लुङको बलेवाबीचमा रहेको कालीगण्डकी खोँचमा हाइलाइन अभ्यास गरिएको छ । हाल जर्मनीमा बसोबास गरिरहेका धनकुटा हिलेका शंकर कोइरालाले हाइलाइन अभ्यास गरेका हुन् । उनी विगत १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आएका छन् ।

बञ्जीलगायत एड्भेञ्चर हबका रूपमा परिचित 'द क्लिफ'मा पहिलोपटक हाइलाइन अभ्यास गरिएको हो । साहसिक पर्यटन प्रवर्द्धनको उद्देश्यले कोइरालाको संयोजनमा नेपालमा हाइलाइन प्रयास हुनु सुखद् रहेको द क्लिफका अध्यक्ष राजु कार्कीले बताए ।

हाइलाइनको क्रु सदस्यहरूमा कोइराला सहित तीन जना नेपाली, एक जना न्यूजील्यान्डका नागरिक र दुई जना जर्मनी नागरिक सहभागी छन् । कोइरालासँगै सुलभ चालिसे, सहन महर्जन, डायलन, कासिया, मटासे र मिथियासलाई नेपाल स्ल्याकलाइन कम्युनिटीले पनि साथ दिएको छ ।

गत असोज २९ देखि सुरु भएको हाइलाइन अभ्यास कात्तिक १ गतेसम्म चल्नेछ । द क्लिफका अध्यक्ष कार्कीका अनुसार नेपालमा पहिलोपटक यति उचाइमा हाइलाइन गरिएको हो । यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने अपेक्षा गरिएको छ । उचाइ, जोखिम र कौशलका कारण यो खेल अत्यन्त चुनौतीपूर्ण मानिन्छ । हाइलाइनको पहिलो दिनको अभ्यास बेनेट डायलन रेडले गरेका थिए ।

चार सय आठ मिटर लम्बाइको हाइलाइन गर्ने डोरीले कुस्मातर्फ हार्नेस जिपलाइन र बलेवातर्फ द क्लिफलाई जोडेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.ः ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ